**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं,
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं,
- सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदूषण कम गरौं,
- सडकको समयसमयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : ९३ ★ ने. सं. ११४६ वछला थ्व, दशमी ★ आइतबार ★ १३ वैशाख, २०८३ ★ April 26, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८



क्युवाको राजधानी हवानामा क्युवाली भूगर्भविद तथा वैज्ञानिकहरूसित देशको इन्धन सङ्कट समाधानबारे छलफल गर्दै क्युवाली राष्ट्रपति मिग्वेल डियाज कानेल तथा मन्त्रीहरू अप्रिल २५, २०२६ का दिन । बैठकले क्युवामै भएको कच्चा तेल प्रशोधन गर्ने निर्णय गरिएको छ र त्यसबाट इन्धन अभावलाई कम गर्न सकिने बताइएको छ ।

*तस्बिर : ग्रान्मा इन्टरनेशनल*

# जुत्ता लगाउनेलाई थाहा हुन्छ जुत्ताले कहाँ पोलेको हुन्छ !

'देश र जनता' शब्दलाई सबै क्षेत्रका मानिस, सङ्घ संस्था र नेताहरूले पनि बारम्बार दोहोऱ्याएको सामान्य जानकारीको विषय हो । हिजो राज्यभन्दा राजतान्त्रिक देशमा एक राजा वा राजपरिवार एवं त्यस परिवारप्रति समर्पित सामन्तवर्ग र राज्यको प्रशासनिक यन्त्रहरूले देश र जनतालाई शासन गर्दै आएको भन्ने अर्थमा लिइन्थ्यो । 'प्रशासन यन्त्र' को सार हो – सेना, प्रहरी, गुप्तचर विभाग र निजामती कर्मचारी संयन्त्र ! यी संस्थाहरूले नै राजा र राज्यलाई सञ्चालन गर्ने र 'राजनैतिक' भाषामा जनतामा शान्ति, सुरक्षा र अमन चैन कायम गर्दै आएको मानी आएका हुन्छन् ।

तर, सम्राट अशोकले आजको भारतमा कलिंगको क्षेत्रमा आँखा गाडे र त्यस उर्वर भूमिमा आक्रमण गरे । धेरै मानिस मारिए र सैनिक रूपले त्यसमाथि कब्जा जमाइयो । तर, राज्याभिषेकको बेला त्यहाँका बालबालिका र महिलाहरू आ-आफ्नो छोरा, भाइ, लोग्ने, दाजुभाइहरू फिर्ता दिन माग गर्दै सडक र गल्लीमा पुगे । राज्याभिषेक एक उत्सवमा होइन रुवावासी र विश्वको एवं करुणाको ठुलो अभूतपूर्व हृदय विदारक प्रदर्शन बन्यो । धेरैको हत्या र हिंसाले श्रम शक्तिको अभाव भयो र भूमि उर्वर भएर पनि उत्पादन सम्राट अशोकले अनुमान गरेजस्तै हुने देखेनन् । त्यस दुःखद लडाइँमा सम्राट अशोक एक्लै मात्र जिम्मेवार भन्न मिल्दैन, बरु त्यस युद्धलाई कार्यान्वयन गर्ने सेना, प्रहरी, गुप्तचर विभाग एवं सम्पूर्ण राज्ययन्त्र जिम्मेवार मान्नु तर्कपूर्ण हुन्छ । कसरी ? अशोकका सेनापति र त्यसका माथिल्ला पदमा बसेका वरिष्ठ रणविद्हरू र अरु संयन्त्रका माथिल्ला पदाधिकारीहरू (चिन्तन मनन गर्ने सबै उच्चस्तरीय व्यक्तिहरू पनि) जिम्मवार थिए वा छन् ।

हजारौं लाखौं मानिसको रगतको खोलो बगेपछि मात्रै बुद्धि पलायो – 'अब सम्राट अशोकले बुद्ध धर्मलाई अवलम्बन गर्नु आवश्यक छ ।' धर्मको ठुलो प्रभाव भएको त्यो समाजमा आत्मआलोचना वा समीक्षाबाहेक अर्को अर्थ थिएन- पश्चातापको

आजको अन्तर्राष्ट्रिय राजनैतिक मञ्चमा सम्राट अशोकको पाठ खोज्दै गरेको दोस्रो विश्वयुद्धपछि संरा अमेरिकी साम्राज्य हो । इतिहासमा गम्भीर अध्येताहरू, तटस्थ कूटनैतिक व्यक्ति र अनेक युद्धमा भागेका अवकाश प्राप्त विभिन्न देशका पूर्वसैनिक नेता- रणनीतिज्ञहरू र पश्चिमी देशहरूकै बुद्धिजीवीहरूले आ-आफ्नै देशका शासकहरूलाई नै अमेरिकाको पछि लागेकोमा दोष दिइरहेका छन् । कति अमेरिकी नोबेल पुरस्कार पाएका व्यक्तिहरू, अर्थशास्त्री तथा युरोपकै व्यापारीहरू तथा अनेक क्षेत्रका आविष्कारकहरू चीनमा नागरिकता लिएर बसोबास गर्दै छन् ।

शक्तिले युद्धमा मात्र होइन अन्य क्षेत्रमा पनि सदा विजय हुँदैन । इतिहासमा एक पटक स्पेनमा संसारमा सबभन्दा ठुलो शक्तिशाली सेना थियो । तर, तत्कालीन समयमा बेलायतको राजतन्त्रभन्दा स्पेनियाली राजतन्त्र बढी रुढीवादी थियो । सामन्ती परिवारमा कम उमेरकाहरूलाई माथिल्ला पद दिन्थे । यसको ठीक उल्टो बेलायतमा सेनामा प्रतिस्पर्धा थियो र अनुभवी व्यक्तिहरू माथिल्लो पदमा पुगे । त्यसैकारण, संसारको सबभन्दा ठुलो जलसैनिक शक्तिलाई बेलायतले पराजित गऱ्यो । यस्तै भियतनामजस्तो सानो देशले शक्तिशाली अमेरिकालाई पराजित गरेर सम्झौतामा आउन बाध्य गऱ्यो । अहिले इरानले अमेरिकी साम्राज्यलाई हाँक दिँदै छ ।

एक बेला बेलायती साम्राज्यमा सूर्य डुब्दैनथ्यो । नेपाल उसको निम्ति एक चुनौती थियो । प्रधानमन्त्री भीमसेन थापाले 'शत्रुको शत्रु मित्र' को सूत्रअनुसार फ्रान्सेली सेनासँग नेपाली सेनाको सम्बन्ध

***बाँकी पृष्ठ ८ मा***

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – १०

**प्रहरी वृत्त नयाँ बानेश्वरका कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक हरि खतिवडा :**

२०८२ भदौ २३ गते जेनजी युवा पुस्ताद्वारा गरिएको प्रदर्शनको क्रममा म नयाँ वानेश्वर क्षेत्रमा खटिएको थिएँ ।


प्रदर्शनकारीहरूको सङ्ख्या अनुमानित ३ हजारदेखि ५ हजारसम्म हुनसक्ने जानकारी रहेको थियो । प्रदर्शनकारीहरूको सङ्ख्यामा तीव्र वृद्धि हुँदै गयो । कतिपय व्यक्तिहरू मादक पदार्थ सेवन गरेको जस्तो, अत्यधिक उत्तेजित, घरेलु हातहतियार (भाला, रड, झम्पल, खुकुरी, घन, बेल्चा आदि) सहित सुरक्षाकर्मीलाई लक्षित गरी ढुङ्गामुढा गर्दै उक्त घरेलु हतियारसहित प्रहार गर्न उद्यत रहे । अन्दाजी १०० जनाको सङ्ख्यामा आएको स्वरुप परिवर्तन गरेका मोटरसाइकल चालकहरूको समूहले साइलेन्सर पड्काउँदै, गोली, पटका, बारुद पड्केको जस्तै सुनिने आवाज निकालेर ध्वनि प्रदूषण गर्दै भिडलाई अराजक बनाइरहेका थिए ।

राष्ट्रियसभाको बैठक बस्ने कार्यसूची तय भएर केही माननीय सदस्यहरूको संसद् भवनमा आगमनसमेत भएको थियो । अराजक समूहबाट प्रहरीको सञ्चार सेट खोस्ने, प्रहरीमाथि घरेलु हातहतियार प्रहार गर्नेजस्ता आक्रामक क्रियाकलाप बढिरहेको थियो । निजहरूले सुनियोजित रूपमा आफूसित ल्याएको पेट्रोल बम (Molotov cocktail) समेत प्रहार गरेका थिए ।

भदौ २३ गते कर्फ्यु आदेश जारी भएपश्चात् नै संसद् भवनको सम्पूर्ण सुरक्षाको जिम्मेवारी नेपाली सेनाले लिई सेनाको एक टुकडी रातभर संसद् भवनमा बसेको थियो । भदौ २४ गते बिहान ६:३० बजेको समयदेखि नै तालुक कार्यालयको निर्देशनबमोजिम म संसद् भवन क्षेत्रमा खटिएको थिएँ । दिउँसो करिब १५:१५ बजेको समयमा केही प्रहरी कर्मचारीहरूलाई प्रदर्शनकारीहरूले नियन्त्रणमा लिएर ज्यान मार्नेसम्मको जोखिम अवस्थामा पुऱ्याउँदा केही

***बाँकी पृष्ठ ८ मा***

**व्यङ्ग्यचित्र कुनो**




# भूकम्पबाट बच्न सुरक्षित निर्माण र सतर्कता आवश्यक

काठमाडौँ, १२ वैशाख । गोरखाको बारपाक केन्द्रबिन्दु भई गएको भूकम्प पनि ११ वर्ष बित्यो । यो भूकम्प २०४५ सालपछि गएको अर्को ठुलो भूकम्प हो । यो भूकम्प २०७२ साल वैशाख १२ गते गएको थियो । भक्तपुरलगायत ३२ जिल्लामा प्रभावित सो भूकम्पमा आठ हजार ९६२ जनाको ज्यान गएको थियो । भूकम्पबाट प्रभावित जनताको घाउ या पीडा अहिले पनि निको भएको छैन । भूकम्पबाट पुरेर हजारौं घाइते भएका थिए । घरको क्षति पनि धेरै भएको थियो । तर, अहिलेसम्म भूकम्प पीडित सबै जनताले राहत पाएका छैनन् । कतिको घर निर्माण कार्य अझै अधुरो छ । ऋणमा घर बनाएकाहरूले ऋण तिर्न सकेका छैनन् । कतिले आर्थिक समस्याका कारण घर पुनःनिर्माण गर्न सकेको छैन । कतिले भत्केको पुराना घर नबनाई अन्तै नयाँ घर बनाए । कति दाजुभाइको झगडाले सबै घर पुनः निर्माण नभएको देखिन्छ । भत्केका सबै घर पुनःनिर्माण नभएको कारण नगरको शोभामा असर परेको वास्तुकलाविद्हरू बताउँछन् ।

ठुलठुला भूकम्प पटकपटक गएको हिसाबले नेपाल भूकम्पीय क्षेत्र हो भन्ने कुरा थाहा हुन्छ । भूगर्भविद्हरूका अनुसार नेपाल भूकम्पीय क्षेत्रमा पर्छ । भूकम्पीय क्षेत्र भएकोले पनि भूकम्प प्रतिरोधात्मक घर निर्माण गर्नु आवश्यक छ । बस्ती बाक्लो भएको ठाउँमा भूकम्पले बढी क्षति पुऱ्याउँछ । भूकम्पीय क्षेत्र परेकोले अग्ला अग्ला घर बनाउनु उपयुक्त हुँदैन । भूकम्पको कारण ठुलो क्षति भएको बेला मात्र अग्लो घर बनाउन नहुने सम्झना गर्ने, चिन्तन मनन गर्ने अनि भूकम्पको पीडा निको भएपछि अग्ला अग्ला घर बनाउने मानिसको चाहना पनि बुझिनसक्नु छ । फेरि कुनै पनि बेला २०७२ सालको या त्यो भन्दा बढी रेक्टरको भूकम्प दोहरिन सक्छ । ७.९ म्याग्निच्युटको त्यो भूकम्प फेरि

***बाँकी पृष्ठ २ मा***




**सुकुमवासी बस्ती खाली गराइँदै**
काठमाडौँस्थित थापाथलीको सुकुमवासी बस्तीमा निर्माण गरिएका घर टहरासहितका संरचना भत्काउन शनिबार डोजर लगाइँदै । अतिक्रमण गरिएको सुकुमवासी बस्ती खाली गर्न हिजोसम्मको समयसीमा दिइएको थियो । *तस्बिर : किरणराज विष्ट/रासस*

# ४२ औँ राष्ट्रिय टेबुलटेनिसका लागि भक्तपुरबाट खेलाडी छनोट

भक्तपुर, १२ वैशाख । भक्तपुर ४२ औँ राष्ट्रिय टेबुलटेनिस प्रतियोगिताको वाग्मती प्रदेशस्तरीय छनोटमा सहभागी हुन भक्तपुर जिल्लाबाट खेलाडीहरूको नामावली टुङ्गो लागेको छ ।

भक्तपुर जिल्ला टेबुलटेनिस सङ्घको समन्वयमा भएको छनोट प्रतियोगिताबाट विभिन्न विधामा उत्कृष्ट खेलाडीहरू छानिएका हुन् । छनोट भएका खेलाडीहरूले प्रदेशस्तरका लागि आफ्नो स्थान सुरक्षित गरेका छन् । सो छनोट प्रतियोगितामा मेन्स सिङ्गल्समा रजोजमान थकु, र सुमेध प्रधान अन्डर १९मा रोमन रञ्जित तथा अन्डर १५ मा सफल सुवाल छनोट भएका छन् । महिलातर्फ लेडिज सिङ्गल्समा निकिता कस्ती, कलसा सितिखु र आरोही सुवाल, अन्डर १९ मा सेफिना कोजु र अण्डर १५ मा श्रोना बासुकला छनोट हुन सफल भएको प्रशिक्षक तथा भक्तपुर जिल्ला टेबुलटेनिस सङ्घका सचिव इन्द्रभक्त पञ्चले जानकारी गराउनुभयो ।

# दशरथ रङ्गशालामा सुकुमवासीको 'स्क्रिनिङ': चार परिवारलाई कीर्तिपुर पठाइयो

काठमाडौँ, १२ वैशाख । थापाथलीस्थित वाग्मती नदी किनारमा बसोबास गर्दै आइरहेका सुकुमवासी/भूमिहीनको 'स्क्रिनिङ' जारी छ । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा काठमाडौँ उपत्यका विकास प्राधिकरण र अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिबाट खटिएका टोलीले अहिले थापाथलीबाट ल्याइएका सुकुमवासी परिवारको लगत सङ्कलन गरिरहेका छन् ।

अपराह्न १:३० बजेसम्म २३ परिवारको लगत सङ्कलन भएको प्राधिकरणका प्रशासन प्रमुख कविता केसी बोगटीले राससलाई जानकारी दिनुभयो । सरकारको दर्ता प्रक्रियामा आएकामध्ये चार परिवारलाई तत्कालै कीर्तिपुरस्थित राधास्वामी सत्सङ्ग केन्द्रमा पठाइएको उहाँले बताउनुभयो ।

"वास्तविक सुकुमवासीको परिवार सङ्ख्या, घरमुलीको नामलगायत विवरण सङ्कलन गरिरहेका छौँ । त्यसपछि तत्कालका लागि तोकिएको 'सेल्टर'मा पठाउँछौँ", केसीले भन्नुभयो, "सेल्टरमा उहाँहरूलाई खाने, बस्ने सम्पूर्ण व्यवस्था सरकारले गरेको छ ।" अस्थायी बसोबासस्थलमा उहाँहरूको व्यवस्थापन भएपछि दोस्रो चरणमा राज्यले जमिन प्रदान गर्ने कार्य थालनी गरिने उहाँले जानकारी दिनुभयो ।

थापाथलीमा अवैध रूपमा निर्माण गरिएका संरचना भत्काइएपछि ती परिवारलाई सरसामानसहित रङ्गशाला ल्याइएको हो । अहिले पनि सुकुमवासीहरू आफ्नो जाने थातथलो कहीँ नभएको भन्दै सरकारी सहयोगको खोजीमा रङ्गशाला आउने क्रम जारी छ ।

"वास्तविक सुकुमवासीहरू यहाँ आउनुभएको छ, अन्य आफ्नो व्यवस्था गरी गइसक्नुभएको छ", प्रमुख केसीले भन्नुभयो, "केही परिवार यहाँ आएर पनि सरकारले तोकेको ठाउँमा नबस्ने भनी निस्कनुभएको छ ।" उहाँका अनुसार रङ्शालाभित्रै सुकुमवासीलाई स्वास्थ्य सुविधा उपलब्ध गराउन काठमाडौँ महानगरपालिकाको स्वास्थ्य महाशाखाको टोली खटिएको छ ।

सुकुमवासी परिवारलाई सुरक्षित बसोबासस्थलसम्म लैजाने क्रममा आइपर्ने स्वास्थ्य जटिलता न्यूनीकरण गर्न चिकित्सक, नर्स र प्यारामेडिक्ससहितको टोली खटिएको कामपाको महामारी रोग रोकथाम तथा नियन्त्रण फोकल पर्सन ऋषि भुसालले जानकारी दिनुभयो ।

यसैबिच, थापाथलीस्थित सुकुमवासी बस्ती हटाउने काम सम्पन्न भएको छ । त्यहाँ अवैध रूपमा निर्माण गरिएको संरचना डोजर लगाएर हटाइएको छ । केही सुकुमवासी परिवार आफ्नो सरसामानलाई सुरक्षित रूपमा अन्यत्र लैजान खटिइरहेका छन् ।

सुरक्षाकर्मीलगायतको टोलीले अहिले सिनामङ्गल-गैरीगाउँ क्षेत्रमा रहेका अवैध रूपमा निर्माण गरिएका संरचना हटाउन थालेको छ । सो क्षेत्रमा रहेका सुकुमवासी/भूमिहीन परिवारले पनि सरकारको निर्देशन पालना गर्दै आफ्ना घरटहरा भत्काएर सरसामन सुरक्षित स्थानमा लगिरहेका छन् । **(रासस)**

# ७० वर्ष नाघेका बाजेबज्यैहरूको काठमाडौँमा सांस्कृतिक प्रस्तुति



**केके मानन्धर**

भक्तपुर, १२ वैशाख । न्हापांगु पला: नेवा: मिसा पुच:को आयोजनामा काठमाडौंको हनुमानढोकामा भजन, सांस्कृतिक तथा सम्मान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा ७० देखि ८० वर्ष उमेर समूहका ज्येष्ठ नागरिकहरूले भजन-कीर्तन, परम्परागत नृत्य तथा सांस्कृतिक प्रस्तुति दिएका थिए । कार्यक्रममा नेवार समुदायका बाजे-बज्यैले प्रयोग गर्ने मौलिक पोशाकमा जीवनशैली झल्काउने नृत्य, गीत तथा भजन प्रस्तुत गरिएको थियो । बिहानको नित्यकर्म, दिउँसोको खेतीकिसानी र साँझ भोजमा जाने क्रममा लगाइने पोशाकसमेत प्रस्तुत गर्दै विभिन्न रैथाने गीतमा नृत्य गरिएको थियो ।

नेपालभाषाका महाकवि गिरिजाप्रसाद जोशीको साहित्यमा आधारित गीतहरू पनि कार्यक्रममा समावेश गरिएको थियो । लगन टोलको समूहले भजन प्रस्तुति दिएको थियो । कार्यक्रमको उद्घाटन काठमाडौँ महानगरपालिका वडा नं. २४ का अध्यक्ष विनोदकुमार राजभण्डारीले गर्नुभएको थियो ।

संस्थाका अनुसार विक्रम संवत् २०७२ सालको महाभूकम्पपछि समाजभित्र गुम्सिन बाध्य भएका ज्येष्ठ नागरिकहरूलाई मनोसामाजिक परामर्श प्रदान गर्ने उद्देश्यले संस्था स्थापना गरिएको हो । प्रारम्भमा डे-केयर सेवाको रूपमा सुरु गरिएको यस संस्थाले अहिले ज्येष्ठ नागरिकहरूलाई एक्लोपनबाट मुक्त गराउने उद्देश्यले विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको छ । घरपरिवारका सदस्यहरू दिनभर व्यस्त रहने अवस्थालाई ध्यानमा राख्दै ज्येष्ठ नागरिकहरूलाई एकै ठाउँमा भेला गराई दुना-टपरी बनाउने, बत्ती काट्ने तालिम, पारस्परिक संवाद तथा मनोरञ्जनात्मक गतिविधिहरू सञ्चालन गरिँदै आएको छ । यसबाट ज्येष्ठ नागरिकहरूमा देखिने न्यास्रोपन कम गर्नुका साथै आंशिक आत्मनिर्भरता विकास गर्ने लक्ष्य लिइएको संस्थाले जनाएको छ । त्यस्तै, पितृसत्तात्मक समाजमा महिलामाथि हुने विभेद अन्त्य गर्ने उद्देश्यले आत्मसुरक्षा तालिम तथा विभिन्न क्षेत्रमा उत्कृष्ट कार्य गर्ने व्यक्तिहरूलाई सम्मान कार्यक्रम पनि सञ्चालन गरिएको छ ।

धार्मिक तथा सांस्कृतिक भ्रमणमार्फत संस्कृतिसँग साक्षात्कार गराउने काम समेत भइरहेको संस्थाकी अध्यक्ष शिला सायमीले बताउनुभयो । सामाजिक क्षेत्रमा एक दशकभन्दा बढी समयदेखि सक्रिय यस संस्थाले विशेषगरी ज्येष्ठ नागरिकहरूको उत्थान र सामाजिक सहभागिता बढाउन महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको जनाएको छ ।

# विश्व औलो दिवस: नेपालमा आयातीत औलोका बिरामी बढी

काठमाडौँ, १२ वैशाख । शनिबार विश्व औलो दिवस विविध कार्यक्रम गरी मनाइयो । 'औलो अन्त्य हाम्रो सङ्कल्प: सक्षम छौँ, छैन अब विकल्प' भन्ने नाराका साथ दिवस मनाउन थालिएको हो ।

औलो एनोफिलिज जातका सङ्क्रमित लामखुट्टेको टोकाइबाट सर्ने परजीविको कारण हुने एक प्रकारको सरुवा रोग हो । औलो सङ्क्रमित व्यक्तिको ज्यानै जोखिममा पर्ने चिकित्सकको भनाइ छ ।

शिशुहरू, पाँच वर्षमुनिका बालबालिका, गर्भवती, किशोरी, एचआइभी तथा एड्स सङ्क्रमित व्यक्तिमा सङ्क्रमणको जोखिम बढी हुने इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा. गोकर्णप्रसाद दाहालले बताउनुभयो । औलो सजिलै रोकथाम र उपचार गर्न सकिने भएकाले समयमै उपचार गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

**औलोका लक्षण**

ज्वरो आउने, काप छुट्ने, टाउको दुख्ने, असाध्यै थकित महसुस हुने, भ्रमित अवस्था हुने, बेहोस हुने, सास फेर्न गाऱ्हो हुनेजस्ता लक्षण देखिने डा. दाहालले जानकारी दिनुभयो । नेपालमा औलो निवारणतर्फ उन्मुख रहेको छ । विगत १० वर्षमा स्थानीय औलोको सङ्ख्या करिब ९० प्रतिशतले कमी आएको उहाँले जानकारी दिनुभयो ।

नेपालमा आयातित औलोका बिरामी धेरै रहेका इपिडिमियोलोजी डा. दाहालले उल्लेख गर्नुभयो । भारतका उच्च जोखिम क्षेत्रमा हुने र अफ्रिकी देशबाट स्वदेश फर्कंदा धेरै मानिसले आयातित औलो सङ्क्रमण लिए आउने गरेका उहाँको भनाइ छ । उहाँका अनुसार नेपालमा ९७ प्रतिशत औलोका बिरामी विदेशबाट आएका छन् ।

आर्थिक वर्ष २०८१/८२ मा ३९ जनामा स्थानीय औलो र एक हजार १२५ जना आयातित औलो देखिएको डा. दाहालले जानकारी दिनुभयो । आव २०८०/८१ मा २४ स्थानीय र ७६७ जना आयातित, आव २०७९/८० मा २४ स्थानीय र ५०९ आयातित औलोका बिरामी देखिएका उहाँले उल्लेख गर्नुभयो ।

शाखा प्रमुख डा. दाहालले नेपालमा अहिले औलो जोखिममा केही जिल्ला मात्र रहेका उल्लेख गर्दै सरकारले राष्ट्रिय औलो रणनीतिक योजना (२०२५ देखि २०३०) सम्म सञ्चालन गरेर नेपाललाई औलोमुक्त मुलुक बनाउने योजना अघि सारेको बताउनुभयो । सोही योजनाअनुसार सन् २०२६ सम्म स्थानीय औलोका बिरामीलाई शून्यमा पुऱ्याउने लक्ष्य राखेको छ ।

उहाँका अनुसार ४२ वटा वडामात्र औलोको उच्च जोखिममा छन् । हालसम्म विश्वमा ४७ देश औलोमुक्त भइसकेका छन् । सन् २००० देखि २०२४ सम्म औलो प्रभावित देशको सङ्ख्या १०८ बाट ८० मा झरेको डा. दाहालले जानकारी दिनुभयो । विश्वमा सन् २०२४ सम्म २८ करोड औलाका बिरामी देखिएका थिए । औलाको विश्वव्यापी भारमध्ये ९५ प्रतिशत हिस्सा अफ्रिकी क्षेत्रले ओगटेको तथ्याङ्क इपिडिमियोलोजीले तथा सरुवा रोग महाशाखाले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ । **(रासस)**

***भूकम्पबाट...***

दोहोरियो भने यहाँ अझै ठुलो धनजनको क्षति हुने ठुलो सम्भावना छ । बस्ती बाक्लो भएको स्थानमा त तुलनात्मक रूपमा बढी धनजनको क्षति हुन्छ । सरकारले बनाएको भवन निर्माण मापदण्ड पूर्ण रूपमा लागू नगर्नाले पनि बढी क्षति भएको विज्ञहरूको भनाइ रहेको छ ।

भूकम्पबाट जोगिने उपाय भनेको सुरक्षित निर्माण र सतर्कता नै हो । सुरक्षित निर्माणले घर त्यति ढल्दैन । भूकम्पको बेला जोगिने उपायबारे पनि थाहा पाइराख्नुपर्छ । घर निर्माणमा भूकम्प प्रतिरोधात्मक प्रविधि अपनाउनुपर्छ । इन्जिनियरहरूले जडान गरेको घर डिजाइनअनुसार घर धनीले घर नबनाउनले पनि समस्या भएको देखिन्छ । घर निर्माणको बेला नक्साअनुसार घर बनाउँदैन या डिजाइनअनुसार बनाइयो भने बढी खर्च हुन्छ, झन्झट हुन्छ भनी आफ्नै तालले बनाउँछ । यसले भूकम्पको बेला धक्का पुऱ्याउँछ । सस्तो मालले पेट दुखाउँछ त्यसै भनिएको होइन ।

२०७२ साल वैशाख १२, १३ र २९ गते ठुलठुलो भूकम्प गएको थियो । भूकम्पका स-साना पराकम्प त हजारौँ पटक गएको थियो । भूकम्पले क्षति पुऱ्याएका र हालसम्म बनाउन नसकेका घर धनीहरूलाई सरकारले थप सेवा सुविधा दिएर बनाउन उत्प्रेरित गर्नुपर्ने देखिन्छ । भूकम्पलाई रोक्न र पूर्वानुमान गर्न सकिँदैन । कुनै पनि बेला भूकम्प आउन सक्छ । भूकम्प कति रेक्टरको हुन्छ, कति समयसम्म हल्लाइरहन्छ त्यो पनि थाहा हुँदैन । त्यस्तो बेला क्षति कम गर्न पूर्वतयारी वा प्रतिकार्यमा जुट्नु आवश्यक हुन्छ । नयाँ भवन या संरचना निर्माण गर्दा भवनसंहिता पालन गरी निर्माण गर्नुपर्छ । पुराना भवनको सबलीकरण गर्नुपर्छ । बस्ती बस्तीमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । समय समयमा भूकम्प गएमा कसरी बच्ने भन्ने पूर्वअभ्यास पनि गर्नुपर्छ ।

## सङ्क्षिप्त समाचार

# गैरीगाउँको सुकुमवासी बस्ती खाली गरियो

काठमाडौँ, १२ वैशाख । काठमाडौँ महानगरपालिका-९ स्थित गैरीगाउँको सुकुमबासी बस्ती अहिले खाली गरिएको छ । गैरीगाउँमा अतिक्रमण गरी निर्माण गरिएका घरटहरा हटाएको हो ।

उक्त टोली अहिले सिनामङ्गलस्थित सुकुमबासी बस्ती हटाउनका लागि त्यसतर्फ गएको छ । नेपाल सरकारको निर्देशनअनुसार अतिक्रमण गरी निर्माण गरिएका संरचना तथा बस्ती भत्काउने अभियान शनिबार बिहानदेखि तीव्र बनाइएको हो ।

शनिबार दिउँसोदेखि सुरु गरिएको उक्त अभियानमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा काठमाडौँ महानगर प्रहरीको संयुक्त टोली परिचालन गरिएको छ । सुरक्षाकर्मीहरूको उल्लेख्य उपस्थितिमा गैरीगाउँमा रहेका बस्तीका अस्थायी तथा स्थायी संरचना हटाएर अहिले सिनामंगलस्थित सुकुम्बासी बस्तीका घर भत्काउन सुरु गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "गैरीगाउँमा भएका बस्ती हटाएर अब टोली सिनामङ्गलस्थित सुकुमबासी बस्ती हटाउन खटिएको छ ।" हालसम्म बस्ती हटाउने क्रममा कुनै ठूला अवरोध वा झडपको अवस्था सिर्जना नभएको प्रहरीले जनाएको छ । महानगर प्रहरीका अनुसार गैरी गाउँमा कम्तीमा पनि एक सय घर टहरा भत्काइएको छ । *(रासस)*

# बढ्दै औलोको सङ्क्रमण

चितवन, १२ वैशाख । जिल्लाका अस्पतालहरूमा उपचारका लागि आएका बिरामीमध्ये चालु आर्थिक वर्षमा १२ जनामा औलो रोगको सङ्क्रमण देखिएको छ । दुई हजार ८५६ जनाको औलो परीक्षण गरिएकामा सो सङ्ख्यामा सङ्क्रमण देखिएको हो ।

जनस्वास्थ्य कार्यालय चितवनका किट नियन्त्रक राम केसीका अनुसार गत आर्थिक वर्षमा आठ हजार ४०५ को औलो परीक्षणका क्रममा ११ जनामा यो रोगको सङ्क्रमण देखिएको थियो । उहाँले भन्नुभयो, "यहाँ भेटिएका सङ्क्रमित रोजगारीका सिलसिलामा बाहिर गएर आएकाहरूमा देखिने गर्दछ ।" उहाँका अनुसार वैदेशिक रोजगारमा भारत र शान्ति मिसनका लागि अफ्रिकन मुलुकमा गएर फर्किएकाहरूमा यो रोगको सङ्क्रमण देखिने गरेको छ ।

सीमा आवागमन र श्रम प्रवासमा गएकाहरूबाट औलोको उच्च जोखिम देखिएको किट नियन्त्रक केसीले जानकारी दिनुभयो । उहाँका अनुसार यो रोग एनोफिलिज जातको सङ्क्रमित लामखुट्टेको टोकाइबाट सर्ने गर्दछ । जटिल प्रकारको औलो देखिएमा सङ्क्रमितको ज्यानै जोखिममा पर्ने उहाँले बताउनुभयो । सरकारले सन् २०२६ सम्ममा स्थानीय औलोका रोगहरू शून्यमा पुऱ्याउने योजनासहित काम गरिरहेको उहाँले उल्लेख गर्नुभयो ।

किट नियन्त्रक केसीका अनुसार यो रोग लागेमा टाउको दुख्ने, कामज्वरो आउने, जोर्नीहरू दुख्ने, रगतको कमी हुने, शरीर सिथिल हुने, वान्ता हुने, पेट दुख्ने, फियो सुनिनेजस्ता लक्षण देखिन्छन् ।

यस रोगबाट बाँच्नका लागि लामखुट्टेको टोकाइबाट बच्ने, ज्वरो आउना साथ नजिकको स्वास्थ्य संस्थामा गई परीक्षण गर्ने, औलो देखिएमा उपचार गर्ने, झ्याल ढोकामा जालिको प्रयोग गर्ने, घर वरिपरि सरसफाइ राख्ने जस्ता उपाय अपनाउन उहाँले सुझाव दिनुभयो । जिल्लामा स्थानीयमा औलोको सङ्क्रमण नभएको उहाँको भनाइ छ । *(रासस)*


# लुम्बिनी रोड रेस प्रतियोगितामा नेपाली सेनाका खड्का र न्यौपाने विजयी

घोराही (दाङ), १२ वैशाख । 'दोस्रो लुम्बिनी राष्ट्रिय खुला पुरुष तथा महिला १० किलोमिटर रोड रेस प्रतियोगिता-२०८३' मा पुरुषतर्फ नेपाली सेनाका खड्गबहादुर खड्का र महिलातर्फ पूर्णलक्ष्मी न्यौपाने विजयी बन्नुभएको छ । लुम्बिनी प्रदेश खेलकुद परिषद्को आयोजनामा शनिबार घोराहीमा भएको प्रतियोगितामा महिला र पुरुष दुवैतर्फ नेपाली सेनाका खेलाडी पहिलो बन्न सफल हुनुभएको हो ।

प्रतियोगितामा पुरुषतर्फ खड्काले निर्धारित १० किलोमिटर दूरी ३० मिनेट ३३ सेकेन्डमा र महिलातर्फ सेनाकै न्यौपानेले ३६ मिनेट ३३ सेकेन्डमा दूरी पार गर्न सफल हुनुभयो । पहिलो बन्नुभएका खड्का र न्यौपानेले समान रु. ८० हजारसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नुभएको छ । त्यसैगरी प्रतियोगितामा पुरुषतर्फ सशस्त्र प्रहरीका रूपेश कार्की ३१ मिनेट १३ सेकेन्डका साथ दोस्रो हुँदा नेपाली सेनाकै उमेश थापा ३१ मिनेट ५२ सेकेन्डमा दौड पूरा गर्दै तेस्रो स्थानमा हुन सफल हुनुभयो ।

महिलातर्फ सेनाकै निर्मला केसीले ३७ मिनेट ४५ सेकेन्डका साथ दोस्रो हुँदा सम्फना गुरुङवान ३९ मिनेट १२ सेकेन्डमा दूरी पार गर्दै तेस्रो स्थान लिन सफल हुनुभएको छ । प्रतियोगितामा द्वितीय र तृतीय स्थान लिने पुरुष तथा महिला खेलाडीलाई जनही रु. ४५ हजार र रु. २५ हजारसहित मेडल र प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रतियोगितामा पुरुषतर्फ नेपाली सेनाका अक्कल पालले ३२ मिनेट दुई सेकेन्डमा दूरी पार गर्दै चौथो हुँदा महिलातर्फ एपिएफकी फूलमाया रानाले ३९ मिनेट ४१ सेकेन्डमा दूरी पार गर्दै चौथो हुन सफल हुनुभयो । चौथो स्थान प्राप्त गर्नुभएका पाल र रानाले नगद रु. १५ हजारसहित मेडल र प्रमाणपत्र प्रदान गरिएको आयोजकले जनाएको छ । विजेता खेलाडीलाई पुरस्कार वितरण गर्दै प्रदेश खेलकुद परिषद् लुम्बिनीका सदस्य सचिव तिरनदाज गौतमले खेलकुदको विकास, विस्तार तथा नयाँ प्रतिभा उत्पादन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताउनुभयो । *(रासस)*



**दैलेखको जलजलेस्थित पेट्रोलियम अन्वेषण क्षेत्र**

दैलेखको भैरवी गाउँपालिका -१ जलजलेस्थित पेट्रोलियम पदार्थको अन्वेषण क्षेत्रमा राखिएका उपकरणहरू । चीनको सरकारी निकाय चाइना जिओलोजिकल सर्वेले भौगर्भिक अध्ययन सम्पन्न गरेपछि सीएनपीसी सीबु ड्रिलिङ इन्जिनियरिङ कम्पनीले नेपालसँग सम्झौता गरेर ड्रिलिङ गर्दा ग्यासको भण्डारण रहेको पत्ता लागेको हो । *तस्बिर: हेमन्त केसी / रासस*

# सुक्खाले बढायो डढेलो र प्रदूषण

**- प्रगति ढकाल**

काठमाडौँ, १२ वैशाख । देशका विभिन्न स्थानमा वन डढेलोका घटना बढ्न थालेका छन् भने काठमाडौँ उपत्यकासहितका क्षेत्रमा वायु प्रदूषण पनि वृद्धि हुन थालेको छ । केही दिनयता वर्षा नहुँदा तापक्रम बढ्नुका साथै सुक्खा अवस्था बढेकाले डढेलो र प्रदूषण दुवैमा वृद्धि देखिएको सम्बन्धित निकायको तथ्याङ्कले देखाएको छ ।

विशेषगरी सुक्खा मौसम र उच्च तापक्रमका कारण सानो झिल्काले समेत आगलागी निम्त्याउने जोखिम बढेको वन तथा भूसंरक्षण विभागले जनाएको छ । वन डढेलोबाट निस्कने धुवाँ र वायुमण्डलमा जमेको धुलोको कणले उपत्यकाको वायु गुणस्तरलाई समेत खराब बनाउन थालेको छ ।

वन डढेलोको उच्च जोखिम रहने चैत महिनामा चालु वर्ष भने अघिल्लो वर्षको तुलनामा उल्लेख्य कमी देखिएको थियो । प्रि-मनसुन अवधिमा औसतभन्दा बढी वर्षा भएकाले सुक्खापन कम हुँदा डढेलोका घटनामा गिरावट आएको थियो । तर, पछिल्ला दिनहरूमा वर्षा अभावसँगै पुन: सुक्खा बढ्न थालेकाले डढेलोको जोखिम पुन: बढ्ने सङ्केत देखिएको विज्ञहरूले बताएका छन् ।

वन तथा भूसंरक्षण विभागले उपलब्ध गराएको तथ्याङ्कअनुसार चैत महिनामा आर्थिक वर्ष २०७८ मा ४६६ वटा डढेलोका घटना दर्ता भएका थिए । यो सङ्ख्या २०७९ मा घटेर २६७ मा झरे पनि २०८० मा २४९ र २०८१ मा पुन: बढेर ३३१ पुगेको थियो । चालु आर्थिक वर्ष २०८२ मा भने ७९ वटामात्रै घटना दर्ता भए, जसलाई विज्ञहरूले मौसमीय अवस्थासँग जोडेर हेरेका छन् । प्रिमनसुन अवधिमा भएको राम्रो वर्षाका कारण अघिल्लो वर्षको सोही अवधिको तुलनामा गत चैतमा डढेलोका घटनामा उल्लेखनीय गिरावट आएको थियो ।

वन तथा भूसंरक्षण विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार वैशाखको पहिलो सातादेखि नै देशभर डढेलोका घटना पुन: बढ्दो क्रममा देखिएका छन् । विभागको तथ्याङ्कले वैशाख ६ देखि ९ गतेसम्मको दैनिक विवरण सार्वजनिक गर्दै चार दिनमै १०२ वटा डढेलोका घटना दर्ता भएको जनाएको छ ।

विभागका अनुसार सबैभन्दा बढी डढेलो घटना दाङमा १७ वटा दर्ता भएका छन् । त्यसपछि कपिलवस्तुमा १४, नवलपुरमा नौवटा डढेलोको घटना भएका छन् । सल्यान, सुर्खेत तथा कैलालीलगायतका जिल्लामा पनि उल्लेख्य सङ्ख्यामा डढेलोका घटना देखिएका छन् ।

तथ्याङ्कअनुसार केही जिल्लामा डढेलोको 'विश्वसनीयता स्तर' (६० प्रतिशतभन्दा बढी) उच्च रहेको छ । विशेषगरी कैलालीमा १२, डोटीमा ११, अर्घाखाँचीमा सात, गुल्मीमा छ र पाल्पामा पाँचवटा उच्च विश्वसनीयताका घटना देखिएको विभागले जनाएको छ ।

त्यस्तै यस अवधिमा संरक्षित क्षेत्रभित्र पनि डढेलोको जोखिम कायम रहेको छ । चितवन राष्ट्रिय निकुञ्जमा सबैभन्दा बढी २३ वटा घटना दर्ता भएका छन् भने पर्सा राष्ट्रिय निकुञ्जमा १० र बाँके राष्ट्रिय निकुञ्जमा नौवटा डढेलोका घटना देखिएका छन् । बर्दिया राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जलगायतका क्षेत्रमा पनि डढेलो फैलिएको विवरणमा उल्लेख छ । संरक्षित क्षेत्रतर्फ कुल ५७ वटा डढेलोका घटना र ३३ वटा उच्च विश्वसनीयताका घटना रेकर्ड भएका छन् । त्यसैगरी, बुधबारदेखि बिहीबारसम्म मात्र १५ वटा वन डढेलोको घटना भएको विभागको तथ्याङ्कमा उल्लेख छ ।

वन तथा भूसंरक्षण विभागका महानिर्देशक धीरेन्द्रकुमार प्रधानले पछिल्ला दिनमा डढेलोका घटना फेरि बढ्न थालेको बताउनुभयो । उहाँले भन्नुभयो, "अस्तिबाट डढेलोको घटना बढेको छ । मनसुनले केही समय साथ दिएको थियो, तर अहिले पुन: सुक्खा अवस्था छ । सुक्खा भएका कारण सानो झिल्काले पनि आगो लाग्ने जोखिम उच्च छ ।"

प्रधानका अनुसार यदि निकट भविष्यमा वर्षा नभए डढेलोको जोखिम अझै बढ्न सक्नेछ । "अब पानी नपरेमा डढेलो थप फैलिन सक्छ," उहाँले भन्नुभयो । महानिर्देशक प्रधानले बढ्दो तापक्रम, सुक्खा मौसम र मानवीय असावधानीलाई डढेलोका मुख्य कारणका रूपमा औँल्याउँदै सचेतना र पूर्वतयारी बढाउन आवश्यक रहेको बताउनुभयो ।

विभागकै वन अधिकृत विजय ढकालले डढेलो नियन्त्रणका लागि स्थानीय तह, सुरक्षा निकाय र समुदायबिच समन्वय आवश्यक रहेको बताउनुभयो । वन क्षेत्रमा आगो लगाउने, खरानी फाल्ने वा असावधानीपूर्वक आगो प्रयोग नगर्न सर्वसाधारणलाई आग्रह गरिएको छ ।

नेपाल वन प्राविधिक सङ्घ (एनएफए) का अध्यक्ष राकेश कर्णले वन डढेलो नियन्त्रणका लागि प्रभावकारी वन व्यवस्थापन अपरिहार्य रहेको बताउनुभयो । "जहाँ व्यवस्थित रूपमा वन व्यवस्थापन गरिएको छ, त्यहाँ डढेलोका घटना न्यून देखिएका छन्, तर व्यवस्थापन अभाव भएका क्षेत्रमा डढेलोको समस्या जटिल बन्दै गएको छ," उहाँले भन्नुभयो ।

**डढेलोसँगै वायु प्रदूषणमा पनि वृद्धि : काठमाडौँ पहिलो प्रदूषित सहर**

देशका विभिन्न स्थानमा बढ्दै गएको डढेलोको असर काठमाडौँ उपत्यकाको वायुमण्डलमा स्पष्ट देखिन थालेको छ । पछिल्ला दिनमा वर्षा अभाव र सुक्खा मौसमका कारण डढेलोका घटना बढेसँगै उपत्यकामा वायु प्रदूषण पनि तीव्र रूपमा वृद्धि भएको हो ।

एयर क्वालिटी इन्डेक्स (एक्युआई) का अनुसार मङ्गलबार दिउँसो करिब ९२ को हाराहारीमा रहेको वायु गुणस्तर सूचकाङ्क शुक्रबार बढेर १९६ पुगेको छ । यससँगै काठमाडौँ विश्वकै सबैभन्दा प्रदूषित सहरको सूचीमा पहिलो स्थानमा सूचीकृत भएको छ । बिहीबार भने एक्युआई अझै बढेर २४७ पुगेको थियो, जुन 'अत्यन्त अस्वस्थ' तहमा पर्छ ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले वर्षा नहुनु, हावाको गति कम हुनु र तापक्रम बढ्नुजस्ता मौसमी अवस्थाले प्रदूषित कणहरू वायुमण्डलमै थुप्रिएको र उपत्यकामा वायु प्रदूषण बढेको जानकारी दिनुभयो ।

वातावरण युवा अभियन्ता राजन थापाले डढेलोबाट निस्कने धुवाँ, धुलो तथा सुक्ष्म कण (पीएम २.५) ले वायुमण्डललाई गम्भीर रूपमा प्रदूषित बनाउने जानकारी दिनुभयो । देशभर फैलिएको वायु प्रदूषणको अवस्थाबारे टिप्पणी गर्दै थापाले पछिल्लो तथ्याङ्कले व्यापक र गम्भीर प्रदूषणको अवस्था देखाएको बताउनुभएको छ ।

एक्युआईको मापदण्डअनुसार ०-५० सम्म 'राम्रो', ५१-१०० 'मध्यम', १०१-१५० 'अस्वस्थ', १५१-२०० 'सबैका लागि अस्वस्थ', २०१-३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि 'अत्यन्त खतरनाक' मानिन्छ । स्वास्थ्य विज्ञहरूले प्रदूषण बढेको समयमा विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक तथा श्वासप्रश्वाससम्बन्धी समस्या भएका व्यक्तिहरूलाई अत्यावश्यकबाहेक बाहिर ननिस्कन, मास्क प्रयोग गर्न र सुरक्षित रहन सुझाव दिएका छन् ।

**अझै केही दिन सुक्खा**

जल तथा मौसम विज्ञान विभागका मौसमविद् बिनु महर्जनका अनुसार देशका विभिन्न भागमा देखिएको तुवाँलो र तातो मौसम क्रमिक रूपमा सुधार हुने सङ्केत देखिए पनि पूर्ण रूपमा हट्न भने अझै केही दिन कुर्नुपर्ने भएको छ ।

उहाँले भन्नुभयो, "आइतबारदेखि मौसममा सुधार देखिन थाले पनि तुवाँलो पूर्ण रूपमा हट्नका लागि बुधबारसम्म प्रतीक्षा गर्नुपर्नेछ । अर्को सातादेखि मात्रै राम्रो वर्षा हुने सम्भावना छ, वन डढेलो र प्रदूषण नियन्त्रणमा सहयोग गर्न सक्छ ।"

विभागका अनुसार आज पनि मधेस प्रदेशसहित बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्र, उपत्यका तथा खोँचहरूमा 'तातो दिन'को अवस्था कायम रहने सम्भावना रहेको विभागले जनाएको छ । विशेषगरी लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रमा 'तातो हावाको लहर' (लु) चल्ने जोखिमसमेत रहेको छ । मौसमविद्हरूले उच्च तापक्रम र तुवाँलोको असरबाट जोगिन आवश्यक सतर्कता अपनाउन सर्वसाधारणलाई आग्रह गरेका छन् । *रासस*

। सम्पादकीय ।

# भ्रष्टाचारीलाई बढावा दिने ऐन कानुन बनाउनु गलत

रास्वपाका नेताहरूले विगतको सरकार र संसद्को निर्वाचनताका भ्रष्टाचार र अनियमित प्रकरणको मुद्दामा परेको एक एक फाइल खोलेर भ्रष्टाचारीमाथि कारबाही गर्ने वाचा गरेका थिए। भ्रष्टाचारीमाथि कारबाही हुनुपर्छ भन्ने मान्यता जनताको पनि हो। सरकार कारबाही गर्न कम्मर कस्नुपर्छ। संसद्को निर्वाचनपछि बनेको सरकारले पनि भ्रष्टाचारीहरूलाई कुनै हालतमा छुट नदिने र एक एक केलाएर कारबाही गर्ने प्रतिबद्धता गरेको थियो। रास्वपाका नेताहरूको त्यो प्रतिबद्धता र जोश अहिले सेलाएको देखिन्छ। विगतमा भ्रष्टाचार र अनियमितता प्रकरणमा परेका कुनै पनि मुद्दाको सरकारले फाइल खोलेको छैन। भ्रष्टाचारीहरूमाथि कारबाही गर्ने प्रतिबद्धताका साथ गठन भएको सरकारले भ्रष्टाचारी प्रोत्साहन हुने गरी कानुन संशोधन हुन लागेकोमा कानुनविद्हरू असन्तुष्ट छन्।

भ्रष्टाचारीहरूलाई कुनै हालतमा छुट दिनु हुँदैन; छुट दिने व्यवस्था गर्नु हुँदैन। देशको एउटा जल्दोबल्दो समस्यामध्ये अरु दलका नेता, सांसदहरूलाई कारबाहीको प्रक्रिया अघि बढाउने तर आफ्ना दलका नेता, मन्त्री र सांसदहरूलाई छुट दिने या कारबाहीको प्रक्रिया अघि नबढाउनु हो। अनि आफ्ना पक्षधरका नेता, मन्त्री र सांसदलाई कारबाही गर्नुपर्ला भनेर अरु दलका मान्छेलाई छुट दिई कारबाहीको प्रक्रिया अघि नबढाउने काम विगतमा भएको थियो। यो काम अहिलेको सरकारले पनि गर्ने हो कि भन्ने शङ्का कानुनविद्हरूले गर्न थालेका छन्। यो कुरा भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणको आरोप लागेका सांसदहरू निलम्बन हुन नपर्ने प्रावधानसहित प्रतिनिधिसभा नियमावली २०८३ को मस्यौदा तयार भएबाट स्पष्ट हुन्छ। उक्त प्रस्ताव प्रचलित कानुनसँग बाझिएको भन्दै कानुनविद्हरूले विरोध गरेका छन्। यो प्रस्ताव नियमावलीको रूपमा पारित भएमा भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणको आरोप खेपिरहेका र खेप्नुपर्नेहरूले सांसदकै हैसियतमा काम गर्न पाउने छन्। त्यस्ता सांसदमाथि मुद्दा दायर भए पनि निलम्बन नहुने व्यवस्था कति सही हो? छलफलको विषय छ। कतै यो प्रस्ताव रास्वपाका सभापति एवं सांसद रवि लामिछानेलाई आधार बनाएर ल्याइएको त होइन? शङ्का गर्ने ठाउँ छ।

हालको भ्रष्टाचारसम्बन्धी ऐनको व्यवस्थामा भ्रष्टाचारको आरोप लागेका व्यक्तिहरूको निलम्बनको प्रावधान रहेको छ। उक्त ऐनमा थुनामा रहेका व्यक्ति वा भ्रष्टाचारको मुद्दा लागेको राष्ट्रसेवक मुद्दा किनारा नभएसम्म स्वतः निलम्बन हुने व्यवस्था छ। सांसद निलम्बन हुने व्यवस्थाले सांसदहरूले आफ्नो पदको ख्याल गर्ने विश्वास दिलाउँछ। देशको ऐन कानुन बनाउन निर्वाचित सांसदहरू पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाउन थाल्यो भने कसले रोक्ने? रोक्न कसले पहल गर्ने? देशमा भइरहेको भ्रष्टाचार र अनियमितता रोक्ने प्रधानमन्त्री, मन्त्री, सांसदलाई खबरदारी गर्नुपर्छ; खबरदारीसँगै कारबाहीको प्रक्रिया अघि बढाउने काम गर्नुपर्छ।

कसैले सांसदमाथि मुद्दा राखेपछि सोको सत्यतथ्यको छानबिन गर्नुपर्छ। छानबिनको नाउँमा मुद्दा लम्ब्याएर दुःख दिने काम गर्नुहुँदैन। एउटा सानो मुद्दा पनि वर्षौं लगाएर आलटाल गरिरहनु उपयुक्त होइन। कसैलाई दुःख नियतले पूर्वाग्रह राखी मुद्दा हाल्ने, मुद्दा हालेर मानसिक पीडा दिने काम गलत हो। समयमै छानबिन गरेर मुद्दाको टुङ्गो लगाउनुपर्छ। भ्रष्टाचारले व्यापक ठाउँ लिइसकेको हुँदा भ्रष्टाचारको कारण देशको बदनाम भएको हुँदा भ्रष्टाचारीहरूले प्रोत्साहन हुने, भ्रष्टाचारीहरूलाई बढावा दिने खालका कुनै पनि ऐन कानुन संशोधन गर्नेतर्फ सरकारले पाइला चाल्नु मनासिब हुँदैन।

सांसद निलम्बन नहुने प्रस्तावले रास्वपाको सरकारमा भ्रष्टाचारीमाथि कारबाही गर्ने दम नभएको अनुभूति जनताले गर्न थालेका छन्। देश विकास नहुनुका अनेक कारणमध्ये विकास कार्यमा चुहावट या अनियमितता हुनु पनि हो। शासकहरू दूरदर्शी नहुनु पनि अर्को कारण हो। शासकहरू देश र जनताप्रति जिम्मेवारीबोध नभएकाले देशको विकासमा बाधा पुगेको हो। यो सरकारले भ्रष्टाचार र अनियमितता प्रकरणमा मुछेका नेता, पूर्वसांसद या अरु जो कोही व्यक्तिको फाइल खोल्दैन; फाइल खोलेर कारबाहीको प्रक्रिया अघि बढाउँदैन भने यो सरकार पनि जति जोगी आए पनि कानै चिरेका भनेझैं हुनेछ। यसमा सरकार र सत्तारुढ दलको बढी ध्यान जानुपर्छ।

# युद्धको मूल्य महँगो हुनेछ ट्रम्प र नेतन्याहुलाई

✍ शशी शेखर

हरेक युद्धले आत्मालाई छुने प्रश्न राख्छ। इरानविरुद्धको युद्ध पनि अपवाद होइन। भविष्यमा राष्ट्रियताको नयाँ परिदृश्यलाई पुनः 'एड्जस्ट' गर्ने प्रयासमा, जित र हारका कथा सुनाइँदा हामीलाई एउटा प्रश्नले सताउनेछ, युद्धको तर्क के थियो?

सन् १९८२ मा मार्गरेट थ्याचर बेलायतकी प्रधानमन्त्री थिइन्। पदभार ग्रहण गरेपछि उनले सरकारी निगमलाई निजीकरण गरिन्, श्रमिक सङ्घहरूलाई नियन्त्रण गरिन्, सरकारी खर्च घटाइन् र स्वतन्त्र बजार अर्थतन्त्रतर्फ अघि बढिन्। समग्रमा उनी मिसन-मोडमा अगाडि बढिन्। यसले अस्थायी बेरोजगारी र सामाजिक अशान्तिमा वृद्धि निम्त्यायो। थ्याचरप्रति सार्वजनिक स्वीकृति मूल्याङ्कन घट्यो। यो स्पष्ट थियो कि उनी आउँदै गरेको चुनाव हार्नेछिन्।

अनि त्यसपछि उनले जीवनदान पाइन्। अर्जेन्टिनाका जनरल र देशको सैन्य जुन्टाका नेता लियोपोल्ड गुआल्टेरीले अर्जेन्टिनाको समुद्री सिमानाको नजिकै बेलायत नियन्त्रित फकल्यान्ड टापुमा आक्रमण गरे। बेलायतले युद्धको घोषणा गऱ्यो। युद्ध २ देखि १४ अप्रिल (१९८२) सम्म लडियो। युद्धमा ९०० सैनिक र नागरिक मारिए। बेलायतले जित्यो र थ्याचरको भाग्य रातारात परिवर्तन भयो। उनी 'आइरन लेडी' का रूपमा उभिइन्। उनी आफ्नो अघिल्लो कार्यकालमा ३३९ सीटको तुलनामा ३९७ सीटको बहुमतसाथ हाउस अफ कमन्समा पुगिन्। अर्कातर्फ, गुआल्टेरीलाई राजनीतिक उजाडस्थानमा निर्वासित गरियो। थ्याचरलाई अझै पनि आइरन लेडी मानिन्छ, तर राजनीतिक महत्त्वाकाङ्क्षाको टेबलमा बलिदान दिइएका ९०० जनाको मृत्युबारे कसैले कुरा गर्दैन।

त्यसैगरी, डिसेम्बर १९७१ मा भारत र पाकिस्तान युद्धमा फसे। इन्दिरा गान्धीले पहिले पनि भारी बहुमतसाथ चुनाव जितेकी थिइन्, तर 'गुंगी गुडिया' (मौन पुतली) को छवि अझै उनको मनमा टाँसिएको थियो। पाकिस्तानका याहया खानले उनलाई त्यो छवि त्याग्ने मौका दिए। १९७० मा शेख मुजिबुर रहमानको अवामी लिगले पूर्वी पाकिस्तानको १६२ विधानसभा सीटमध्ये १६० जितेर नेसनल एसेम्ब्लीमा बहुमत हासिल गऱ्यो। जायज रूपमा उनलाई पाकिस्तानको प्रधानमन्त्री बनाउनुपर्थ्यो, तर पश्चिम पाकिस्तानका पञ्जाबी, सिन्धी, बलुच र पठानहरू बङ्गलाभाषी प्रधानमन्त्रीका लागि तयार थिएनन्।

याहया खानले पूर्वी पाकिस्तानमा रहेका बङ्गलाभाषी सैन्य एकाइलाई त्यहाँका मानिसलाई दमनको आदेश दिए। दसौं हजार शरणार्थी भारत पसे र अन्ततः भारत र पाकिस्तानबिच युद्ध भयो। इन्दिरा गान्धीले भारतलाई पाकिस्तानमाथि निर्णायक जित दिलाइन् र बङ्गलादेश जन्मिन मद्दत गरिन्। यसले भारतको प्रतिष्ठा बढायो, 'मौन गुडिया' इन्दिरा गान्धी रातारात 'दुर्गा' बनिन्। याहया खानलाई सत्ताच्युत गरियो र आफ्नो बाँकी जीवन उनले अपमानजनक रूपमा बिताए।




अब पश्चिम एसियामा भएको युद्धलाई हेरौं। गत वर्ष १२ दिनको निरन्तर हवाई आक्रमणपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको आणविक सुविधा पूर्ण रूपमा ध्वस्त भएको घोषणा गरे। यदि यो सत्य हो भने इरानलाई आणविक खतराका रूपमा चित्रण गर्दै अहिले युद्ध गर्नुको के आवश्यकता थियो? यहाँ ट्रम्पको युद्ध थ्याचर वा इन्दिरा गान्धीको जस्तो छैन। यो अनावश्यक युद्धले पश्चिम एसियामा हजारौंको ज्यान लिएको छ र अमेरिकाको लोकतान्त्रिक परम्पराको खिल्ली उडाएको छ। कसैले पनि कल्पना गरेको थिएन कि अमेरिकी राष्ट्रपतिले सभ्यतालाई मेटाउने धम्की दिनेछन्।

युद्धको राजनीतिक औचित्य खोज्ने मानिसले यसलाई 'एपस्टाइन फाइल' (अमेरिकी बाल यौन दुराचारसँग सम्बन्धित कुख्यात काण्ड) बाट विषयान्तर गर्ने ट्रम्पको प्रयाससँग जोड्छन्। इजरायली प्रधानमन्त्री र युद्धमा ट्रम्पका साझेदार बेन्जामिन नेतन्याहुले स्वदेशमा पनि भ्रष्टाचारको गम्भीर आरोपको सामना गरिरहेका छन्। नेतन्याहुले हमासलाई रकम पठाइरहेका थिए भन्ने उनीमाथि लगाइएका धेरै आरोपमध्ये एक हो।

धारणाका हिसाबले युद्धका कारण ट्रम्पले स्वदेशमै दुःख भोगेको जस्तो देखिन्थ्यो भने नेतन्याहुले आफ्नो देशमा बलियो छवि बनाएको जस्तो देखिन्छ। दुवै देशका धेरै सर्वेक्षणले यो सङ्केत गर्छन्। अमेरिकामा केहीले ट्रम्पमाथि महाभियोग लगाउनुपर्ने माग पनि गरिरहेका छन्। उनका लागि एक मात्र उपाय भनेको इरानसँगको सम्झौता नै हो। अमेरिकाले सेप्टेम्बरमा मध्यावधि चुनाव गर्नेछ भने इजरायलले अक्टोबरमा। के युद्ध र त्यसको रक्तपातले ट्रम्प र नेतन्याहुलाई चुनाव जित्न मद्दत गर्ला? के यी दुई नेताले इमानदार जवाफ दिन पर्याप्त साहस देखाउलान्?

*(शेखर हिन्दुस्तान टाइम्सका प्रधान सम्पादक हुन्।)*

*हिन्दुस्तान टाइम्सबाट*

# बिदै बिदा दिएर शैक्षिक गुणस्तर कायम होला ?

● शुक्र

संविधानले कक्षा १२ सम्म सञ्चालन र व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकारलाई दिएको छ तर सङ्घीय सरकारले हालै कक्षा १० सम्मको भर्ना अभियान वैशाख १५ गतेदेखि र कक्षा सञ्चालन वैशाख २१ गतेदेखि गर्ने निर्देशन पठायो। इन्धनको आपूर्ति घटाउने भन्दै शनिबार र आइतबार दुई दिन बिदा दिने सरकारको निर्णयले शैक्षिक क्षेत्रमा अन्योल बढायो।

शिक्षा नियमावलीमा वर्षमा २२० दिन विद्यालय खोल्नुपर्ने र १८० दिन पढाइ हुनुपर्ने उल्लेख छ। सातामा ५ दिनमात्र पढाइ खुले तोकिएको वार्षिक पाठ्यक्रम पूरा गर्न ४० दिन नपुग हुनेछ।

कतिपय स्थानीय तहहरूले वार्षिक क्यालेन्डरअनुसार वैशाखको पहिलो साताबाट भर्ना अभियान थालेका छन्। तयारी र योजनाबिना ल्याइएको शैक्षिक सत्र परिवर्तन र आइतबारसमेत बिदा दिने निर्णयले विद्यार्थीको पढाइमा घाटा पार्नेछ। एउटै जिल्लामा कुनै स्थानीय तहमा पढाइ हुने, कुनै स्थानीय तहमा पढाइ नहुने वर्तमान स्थितिमा साबिक शैक्षिक क्यालेन्डर कार्यान्वयन हुनु उपयुक्त हुनेछ।

सरकारको यो हचुवाको निर्णयअनुसार हिमाल र तराईमा असार १५ देखि साउन १५ सम्म एक महिना वर्षे बिदा, पुस १५ देखि माघ १५ सम्म एक महिना जाडो बिदा, दसैं-तिहारको एक महिना, भर्ना अभियानको १५ दिन, वार्षिक परीक्षापछि १५ दिन, स्थानीय पर्व बिदा पाँच दिन, प्रदेश सरकारले दिने बिदा सात दिनसमेत घोषित बिदा नै साढे चार महिनाभन्दा बढी हुनेछ। विद्यालय १६० दिनमात्र खोलेर तोकिएको पाठ्यक्रमअनुसार विद्यार्थी कसरी दीक्षित होला?

हिमाली जिल्लाका अधिकांश विद्यार्थीहरू जाडो छलनको लागि अभिभावकसँगै बेंसी झर्दा उनीहरूको पढाइ थप बिग्रिनेछ। यार्सा टिप्न जाने बेलामा एक-डेढ महिना विद्यार्थीहरू थप अनुपस्थित हुन्छन्। तराईमा शीतलहर, गर्मी र तातो हावा चल्दा विद्यालय धेरै दिन बन्द हुन्छ।

इन्धन आपूर्ति कम गर्न आइतबार पनि बिदा दिने सरकारसँग गाडीमा विद्यालय जाने विद्यार्थीको तथ्याङ्क छ र? सहरका सीमित विद्यार्थीबाहेक अधिकांश विद्यार्थी घण्टौं हिँडेरै विद्यालय पुग्नुपर्ने अवस्था छ। शनिबार र आइतबार दुई दिन घरमै बस्दा केटाकेटीलाई अर्को दिन विद्यालय पठाउन अभिभावकलाई गाह्रो हुने यथार्थ सरकारलाई कसरी थाहा भएन? धेरै समय घरमै बस्दा विद्यार्थीहरूको पढाइमा भन्दा टीभी, मोबाइलमा आदत बस्नेछ।

विगतका सरकारहरूले विद्यालय तहमा परीक्षा नै नलिई पास गर्दा विद्यार्थीहरूको शैक्षिक स्तर खस्कियो। गरिबका छोरा-छोरीलाई कक्षा पास भएको प्रमाणपत्र मात्र दिएर ज्यामी बनाउने सरकारको यो कदमको विरोध गर्नु जरूरी छ।

विगतमा पनि फागुनदेखि भइरहेको शैक्षिक सत्रलाई वैशाखमा ल्यायो। वर्तमान सरकारले जेठ-असारमा लाने योजना बनाउँदै छ। जेठ-असार महिना गर्मी र वर्षाले महिनौं विद्यालय बन्द हुने समयमा शैक्षिक सत्र सुरू गरेर कसरी शैक्षिक गुणस्तर कायम होला?

# बेलायतका मजदुरहरूको मागपत्रको आन्दोलन

सन् १८३२ भन्दा पहिले बेलायतमा सबै पुँजीपतिहरूले पनि चुनावमा मत दिन पाउँदैनथे। पुराना राजा, रजौटा, काजी, ठुला-ठालु, सामन्त र बिर्तावाल (जमिनदार) हरूले मात्रै चुनावमा चुन्न र चुनिन पाउँथे। सामन्तवर्गको प्रतिनिधिसभाले ऐन कानुन बनाउँथ्यो। त्यस ऐन-कानुन बनाउने सभामा ठुला-ठालु, राजा, महाराजा, जमिनदार र सामन्तहरू मात्र रहने हुनाले तिनीहरूले आफ्नो वर्गको मात्र फाइदा हुने ऐन-कानुन बनाउँथे। व्यापारी, कारखानाका मालिक र पुँजीपतिहरूलाई पनि सामन्तहरूले थिचोमिचो गर्दथे। तिनीहरूको व्यापार, कारखाना र पुँजीमाथि कर लगाउँथे वा अनेक बाधाहरू दिन्थे। पुँजीपतिवर्गसँग राजा, महाराजा, सामन्त, बडा हाकिम र अरु कर्मचारीहरूले घुस लिएर मात्रै काम गर्थे। घुस, सलामी, कर, भेटी-कोसेली र नाफाको हिस्सा दिँदा पुँजीपतिहरूको नाफा कम हुन्थ्यो। त्यसकारण, पुँजीपतिवर्ग पनि प्रतिनिधिसभा या संसद्मा आफ्नो मान्छे चुनेर पठाई आफ्नो पक्षको ऐन बनाउन चाहन्थे। आफ्नो प्रतिनिधिले आफ्नो पीर-मर्काबारे संसद्मा भन्दथ्यो र आफूलाई फाइदा हुने ऐन कानुन बनाउँथ्यो।

पुँजीपतिवर्ग झन्झन् धनी हुँदै थिए। तिनीहरूले गाउँ र सहरमा थुप्रै ज्यामीहरू आफ्ना काममा लगाएका थिए। ज्यामीहरूलाई हातमा लिएर पुँजीपतिवर्गले संसद्मा आफ्नो प्रतिनिधि पठाउन पाउनुपर्छ भन्ने माग गर्न थाले। पुँजीपतिवर्गले चुनावमा भाग लिन पाउनुपर्छ भनेर ठुलठुला आन्दोलन गर्न थाले। त्यस आन्दोलनमा पुँजीपतिवर्गलाई मजदुर र किसानहरूले मद्दत दिएका थिए। त्यसको फलस्वरूप १८३२ मा बेलायतमा चुनावको नियमावलीमा सुधार भयो। पुँजीपतिवर्गले चुनावमा भाग लिन पाए। आफ्नो पक्षको प्रतिनिधि संसद्मा पठाएर उनीहरूले आफ्नो पक्षको ऐन-कानुन बनाउन थाले। सामन्त र पुँजीपतिवर्ग सम्पत्तिवाल वर्ग भएकोले दुवै मिल्न पुगे। मजदुर र किसानहरूलाई तिनीहरूको दाँजोमा राखिएन।

मजदुरहरूले के देखे भने पुँजीपतिवर्गले चुनावमा भाग लिएर संसद्मा आफ्नो प्रतिनिधि पठाएका थिए। पुँजीपतिवर्गको पक्षमा ऐन कानुन बन्न थाल्यो। पुँजीपतिवर्गलाई फाइदा भयो। त्यस कुरालाई हेरेर मजदुरवर्गले पनि आफ्नो प्रतिनिधि संसद्मा पठाउन पर्छ अनि आफ्नो दुःख कष्ट हट्छ भन्ठाने। तर, त्यसबेला मजदुरवर्गलाई के थाहा थिएन भने पुँजीपतिवर्गलाई जस्तै मजदुरवर्गले त्यो अधिकार सजिलोसित पाउँदैन र चुनावमा भाग लिन पाए पनि आफ्नो प्रतिनिधि संसद्मा पुऱ्याउन गाऱ्हो हुन्छ। संसद्मा मजदुर प्रतिनिधि पुगे पनि अरु सामन्त र पुँजीपतिवर्गले मजदुरवर्गको कुरामा ध्यान दिनेछैन।

मजदुरवर्गले यस्तो गुह्य कुरो थाहा नपाउनाले मजदुरहरूले चुनावमा नियम हेरफेर गराउने विचार गर्न थाले। यसको निम्ति १८३५ मा मजदुरहरूको एक ठुलो सभा भयो। सभामा मजदुरहरूले पनि चुनावमा भाग लिन पाउनुपर्दछ र भइरहेको चुनाव नियम फेरिनुपर्छ भनेर माग गर्न थाले। त्यस मागलाई लिएर मजदुरहरूले सङ्गठन, सभा र प्रदर्शनहरू गर्न थाले। पर्चा र कागतहरू टाँस्न थाले। यसरी मागपत्रको आन्दोलन सुरु भयो।

सन् १८३६ मा बेलायतको सबै सम्पत्ति केही ठुलाबडा पुँजीपतिवर्गहरूको हातमा पुगिसकेको थियो। जनतासँग मालसामान किन्न पैसा थिएन। पुँजीपतिवर्गको मालसामान बिकेन। मालसामान नबिक्दा कारखानाले मालसामान तयार गर्न छाड्यो। मालसामान तयार नगर्दा मजदुरवर्गले काम पाएनन्, काम नपाएपछि ज्याला पाएनन्। ज्याला नपाएपछि भोका नाङ्गा बढ्न थाले। पसलका मालसामान पनि झन् बिक्न छोड्यो। कारखानामा काम बन्द भएपछि ऊन, कपास, छालाजस्ता काँचो मालसामान पनि विकेन। काँचा वस्तु पनि बिक्री नहुँदा किसान र गाउँमा समेत त्यसको असर पर्न गयो। हुँदा हुँदा सारा बेलायतमा हाहाकार मच्चन थाल्यो। यस्तो परिस्थितिलाई आर्थिक सङ्कट भनिन्छ। पुँजीवादी समाजमा सालाखाला १० वर्षको एकचोटि यस्तो सङ्कट आइलाग्छ। मजदुरहरूको बेकारी अवस्था सार्‍है खराब हुँदै गयो। अनि मजदुरहरूले आफ्नो स्थिति सरकारलाई बताउन ऐन-कानुन बनाउने संसद्मा प्रतिनिधि पठाउनुपर्छ भन्ने कुरो मनमा लिन थाले। संसद्मा मजदुर प्रतिनिधि पठाउन चुनाव नियम बदल्नु पर्दथ्यो। १८३७ मा त्यसबारे मजदुरहरूको माझमा कुराकानी सुरु भयो।

सन् १८४० को गर्मी महिनामा मेनचेस्टर भन्ने ठाउँमा बेलायती मजदुरहरूको एक बैठक बस्यो। मजदुरहरूको त्यस बैठकले एक मागपत्र तयार गर्‍यो। त्यसमा उमेर पुगेका सबै नागरिकहरूले चुनावमा भाग लिन पाउनुपर्दछ भनेर लेखिएको थियो। अङ्ग्रेजी भाषामा 'मागपत्र' लाई 'चार्टर' भनिन्थ्यो। भनिन्छ, १८३९-४० मै १२ लाख मानिसले त्यसमा हस्ताक्षर गरेका थिए।


यसकारण, त्यो माग गर्नेहरूको एक 'चार्टिस्ट सङ्घ' अथवा 'राष्ट्रिय चार्टर सङ्घ' बन्यो। देशभरि त्यस सङ्घका सदस्यहरू बनाउन थालियो। त्यस सङ्घको उद्देश्य मान्ने र त्यसलाई चन्दा दिने सबै नागरिक त्यसका सदस्य बन्न सक्थे। त्यसमा कुनै कडा नियम र अनुशासन थिएन। हरेक सहर र कारखानाहरूमा त्यसको सङ्घ वा शाखाहरू खुल्न थाल्यो।




सन् १८३२ मा सबै पुँजीपतिवर्गले चुनावमा भाग लिन पाएपछि तिनीहरूले बेकारीहरूको (काम गर्ने घरको) ऐन पास गराएका थिए। त्यस ऐनले बेकारी मजदुरलाई एक जेलजस्तो ठाउँमा राखेको थियो। तिनीहरूले जहाज तान्ने ठुलठुला एउटै किसिमका लुगा लगाउन दिइन्थ्यो। लोग्नेमानिस र स्वास्नीमानिसहरू अलग मोटा र लामा लामा डोरी बाट्न पर्दथ्यो। तिनीहरूलाई जेलका बन्दीहरूलाई जस्तै अलग ठाउँमा राखिन्थ्यो। डोरी बाट्दा तिनीहरूको हातका औँलाहरू खिइएर भलभलती रगत बग्थ्यो। डोरी बाटेन भने सरकारी मान्छे जाँचकीले कोर्शले हानेर सासना दिन्थ्यो। कामदारहरूले 'गरिबी दर' भनेर ज्यालाभन्दा सार्‍है कम पैसा पाउँथे। त्यस्ता घरहरूलाई 'कामदारहरूको किल्ला' भनिन्थ्यो। मजदुरहरू त्यस काम गर्ने घरको बन्दोबस्तलाई अपमान गर्ने र यातना दिने घर सम्झन्थे।

सन् १८४२ मा बेलायतलाई फेरि एक औद्योगिक सङ्कटले अँठ्यायो। मजदुरहरूको स्थिति झन्झन् खराब हुँदै गयो। त्यसकारण, मजदुरहरूले एक नयाँ 'मागपत्र' तयार गरे। त्यसमा उमेर पुगेका सबै मजदुर जनताले पनि चुनावमा भाग लिन पाउनुपर्छ भनेर माग गरेका थिए। ज्याला बढाउने र मजदुरहरूलाई सहुलियत दिनुपर्दछ भनेर लेखिएको थियो। त्यसबेला मजदुरहरूलाई कारखानामा १८ घण्टासम्म काम गराइन्थ्यो। यसकारण, मागपत्रमा मजदुरहरूलाई एक निश्चित समय वा घण्टा काम तोक्नुपर्दछ, गरिबी ऐन र 'कामको घर' खतम गरिदिनुपर्दछ, खेती मजदुरहरूले पनि बढी ज्याला पाउनुपर्दछ भनेर माग गरिएको थियो।

सन् १८४२ मई महिनामा सङ्कट झन् चर्कियो। बेकारी झन्झन् बढ्दै गइरहेको थियो। मजदुरहरूमा झन्झन् असन्तोष बढ्दै गइरहेको थियो। आन्दोलनकारीहरूले मागपत्रमा ३० लाख मानिसको सही छाप गराए। त्यस मागपत्रलाई संसद्मा पेस गर्न लगियो। सही छाप भएको त्यस मागपत्र एउटा ठुलो बाकसमा राखिएको थियो। त्यस बाकसलाई २० जवान मानिसले बोकेका थिए। हजारौँ मजदुरहरू त्यसको पछि पछि जुलुसको रूपमा गएका थिए। तर, संसद्ले त्यस मागपत्रलाई स्वीकार गरेन। सामन्त र पुँजीपतिवर्गका प्रतिनिधिहरूले भरिएको त्यस संसद्ले मजदुरहरूको मागपत्रलाई लत्याइदिए। मजदुरहरूले त्यसको विरोधमा एउटा ठुलो हडतालको आयोजना गरे। देशभरि हडताल भयो। त्यो हडतालको सिलसिला एक महिनासम्म चल्यो। यसकारण, त्यसलाई 'पवित्र महिना' भन्ने चलन छ। शोषकवर्गले हडताल सफल हुन नदिन अनेक जालझेल गरे। हडताल शोषकवर्गको विरोधमा एक हाँक थियो। तर, सामन्त र पुँजीपतिवर्गको सरकारले हडताल गर्ने मजदुरहरूलाई पक्राउ गर्‍यो र जेलमा थुन्यो। मजदुर सङ्गठनकर्ताहरूमाथि मुद्दा चलायो। पछि विस्तारै मागपत्रको आन्दोलन सेलाउन थाल्यो।



चार्टिस्टहरू बिन्तिपत्र संसदतर्फ लान्दै

### असफलताको कारण

सन् १८४० देखि १८४२ सम्म मागपत्रको आन्दोलन उठ्दै गयो। तर, १८४२ को मई आन्दोलनपछि त्यो दबिँदै गयो। आन्दोलनलाई दरो क्रान्तिकारी सर्वहारावर्गले नेतृत्व गरेको थिएन। यसको निश्चित कार्यक्रम थिएन। राजनैतिक अनुभवको कमी थियो। मागपत्रको सङ्घमा विभिन्न प्रकारका विचारधाराका मानिसहरू थिए। यी नै त्यसको असफलताका कारण थिए। आन्दोलनकारीहरू दुई ठुला गुटमा विभाजित थिए। एक गुटलाई 'नैतिक शक्ति' र अर्कोलाई 'भौतिक शक्ति' भनिन्थ्यो। बोलचाली भाषामा ती दुई गुट 'नरम दल' र 'गरम दल' मा बाँडिएको थियो।

'नैतिक शक्ति' भनिने आन्दोलनकारीहरू सङ्घर्षलाई शान्तिपूर्वक चलाउन चाहन्थे। तिनीहरू पुँजीपतिवर्गसँग मिल्न चाहन्थे। तिनीहरू आन्दोलनलाई जुलुस, पर्चा छर्ने, कागज टाँस्ने, संसद्मा दर्खास्त दिने र बिन्तिपत्र चढाउनेजस्ता तरिकासम्म मात्र सीमित राख्न चाहन्थे। त्यसका मुख्य नेता विलियम लोभेट भन्ने थिए। उनी लण्डन मजदुर सङ्गठनका एक नेता थिए। उनी सशस्त्र सङ्घर्षको पक्षमा थिएनन्। उनी शान्तिपूर्वक सङ्घर्षले मात्र माग पूरा गर्न चाहन्थे र त्यसमै विश्वास राख्थे। त्यसकारण, त्यस गुटलाई 'नैतिक शक्ति' वा 'नरम दल' भनिन्थ्यो।

अर्को गुटलाई 'भौतिक शक्ति' भनिन्थ्यो। तिनीहरू सशस्त्र शक्तिले मात्र माग पूरा गराउन सकिन्छ भन्ने पक्षमा थिए। त्यस गुटका मुख्य समर्थक वा नेता फर्गस ओकोनोर भन्ने थिए। उनी इरिस या आयरी जातिका एक वकिल थिए। सबै उपाय असफल भएपछि सशस्त्र विद्रोह नै अन्तिम उपाय बाँकी रहने छ भनेर उनी भन्थे। जनतामा उनको ठुलो प्रभाव थियो। उनी शक्तिमा विश्वास गर्ने भएकोले उनको गुटलाई 'भौतिक शक्ति' वा 'गरम दल' भनिन्थ्यो।

ओकोनोर एक खाइलाग्दा मानिस थिए। अग्लो, हट्टाकट्टा र लडाकु थिए। उनी सार्‍है मेहनती र नथाक्ने सङ्गठनकर्ता थिए। तर, उनी सम्पत्तिलाई निर्मूल गर्ने पक्षमा थिएनन्। उनी सानो घर, केही जग्गा, राम्रो आम्दानी, ठीक्कको धन राख्न दिने कुरामा विश्वास गर्थे। मागहरू पूरा गर्न 'भौतिक शक्ति' वा सशस्त्र सङ्घर्षमा विश्वास भए पनि उनको विचार भने सानो पुँजीपतिको जस्तो थियो।

मागपत्र सङ्घमा यस्तै अनेक गुटहरू थिए जसले गर्दा आन्दोलनले एक निश्चित बाटो लिन सकेन। 'उत्तरी तारा' भन्ने तिनीहरूको मुखपत्र थियो। त्यसका सम्पादक जुलियन हार्ने थिए। तर, त्यसका निर्देशक ओकोनोर नै थिए।

मागपत्रको आन्दोलनमा क्रान्तिकारी र समाजवादी गुटहरू पनि सामेल हुँदै गए। तिनीहरू उत्पादनका साधन र सम्पत्तिमा व्यक्तिगत स्वामित्वको विरोध गर्थे। तेरो मेरो भन्ने कुरो भएसम्म समाजमा दुःख, कष्ट र विरोध बाधा रहिरहने छ भन्ने कुरामा तिनीहरू विश्वास गर्थे। त्यसकारण, तिनीहरू तेरोमेरो भन्ने कुराहरू मेटाउन चाहन्थे। तिनीहरू फ्रान्सेली क्रान्तिकारी ज्याकोबिनहरूजस्तै सशस्त्र सङ्घर्ष गरेर सत्ता हत्याउने पक्षमा थिए। ती गुटहरूका नेता हेनरी थिए। त्यसै गुटले 'उत्तरी तारा' भन्ने एक मुखपत्र निकालेको थियो।

गरम दलका नेता ओकोनोर मजदुरहरूलाई अलि अलि स-साना जग्गा वितरण गर्न र त्यसमा बसोबास गराउन चाहन्थे। उनीहरू त्यस जग्गामा बस्ने मजदुरहरूको सङ्घ बनाउन चाहन्थे। त्यसैबाट उनी समस्या सुल्झाउन चाहन्थे। त्यो सोचाइ वास्तवमा अव्यावहारिक थियो।

त्यसकारण, १८४२ को मागपत्रको आन्दोलन सेलाएपछि हेनरी र अरु समाजवादी विचार राख्ने मजदुरहरूले ओकोनोरका विचारलाई त्यागे। पछि तिनीहरू मार्क्स र एङ्गेल्सका समर्थक भए। हेनरी र अरु समाजवादीहरू जग्गालाई राज्यको सम्पत्ति गर्नुपर्छ भन्ने पक्षमा थिए। कारखानाहरूमा काम गर्ने समय ८ घण्टाको हुनुपर्छ, केटाकेटीहरूको श्रममा रोक लगाउनुपर्छ, मजदुरहरूको ज्याला बढाउनुपर्छ र तिनीहरूले अरु पनि सुविधा पाउनुपर्छ भन्ने माग गर्न थाले।

मागपत्रका आन्दोलनकारीहरूले आफ्ना मागहरूलाई जनतासम्म पुऱ्याउन अनेक उपायहरू गरेका थिए। तिनीहरू राति राति चिरागहरू बाल्दै जुलुस र जनसभा गर्थे। तिनीहरूको भाषण सुन्न मजदुरहरू ठुलो सङ्ख्यामा जम्मा हुन्थे। आन्दोलनकारीहरू मजदुरहरूको मागलाई लिएर कविता र गीतहरू गाएर टोल-टोल र गाउँ-गाउँमा समेत पुग्थे। त्यसप्रकार त्यो आन्दोलनका मागहरू जनताका मागहरूको रूपमा लोकप्रिय बनाइएको थियो।

***स्रोत : 'विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू'***

# गाजा युद्धपछि पहिलोपटक मतदान अभ्यास गर्दै प्यालेस्टिनीहरू



रामल्लाह, प्यालेस्टिनी क्षेत्रहरू, १२ वैशाख (एएफपी) । गाजा युद्धपछि पहिलोपटक शनिबार वेस्ट बैङ्क र गाजाको मध्य क्षेत्रमा प्यालेस्टिनीहरूले स्थानीय चुनावमा मतदान गर्न लागेको जनाइएको छ ।

रमल्लाहस्थित केन्द्रीय निर्वाचन आयोगका अनुसार इजरायलको कब्जामा रहेको वेस्ट ब्याङ्कमा करिब १५ लाख र गाजाको देइर अल-बलाह क्षेत्रमा ७० हजार मतदाताहरू सूचिकृत भएका छन् । निर्वाचन आयोगका अनुसार मतदान केन्द्रहरू बिहान सात बजे खोलिएको थियो भने बेलुका सात बजे बन्द हुने छन् ।

गाजापट्टीको लगभग आधा भाग नियन्त्रण गर्ने फताहको कट्टर प्रतिद्वन्द्वी हमाससँग सम्बद्ध व्यक्तीहरू मतदाता सुचिमा सूचीकृत नभएको जनाइएको छ ।

पछिल्लो समयमा प्यालेस्टिनी प्राधिकरणले भ्रष्टाचार, स्थिरता र घट्दो वैधतामाथि व्यापक आलोचनाको सामना गरिरहेको छ । सन् २००६ देखि कुनै राष्ट्रपति तथा सिंसदीय चुनाव नभएको कारण, यस क्षेत्रमा नगरपालिका परिषद्हरू नै प्रशासन अन्तर्गतका काम गर्ने केही लोकतान्त्रिक संस्थाहरूका रूपमा रहेका छन् ।

संयुक्त राष्ट्रसङ्घका संयोजक रमिज अलक्बारोभले निर्वाचन आयोगले लोकतान्त्रिक प्रक्रिया आयोजना गरी मतदानको वातावरण बनाएकोमा आयोगको खुलेर प्रशंसा गर्नुभएको छ ।

यसअघि विज्ञप्ति जारी गर्दै चुनावले प्यालेस्टिनीहरूलाई चुनौतीपूर्ण अवधिमा आफ्नो लोकतान्त्रिक अधिकार प्रयोग गर्ने अवसर दिएको अलक्बारोभले बताउनुभएको थियो ।

सन् २०२३ अक्टोबरमा युद्ध सुरु भएपछि गाजाको विभिन्न भागहरू ध्वस्त पार्नुका साथै ७२ हजार भन्दा बढी मानिसहरूको मृत्यु भएको गाजाको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

सन् २००७ देखि हमासको नियन्त्रणमा रहेको गाजामा सन् २००६ को संसदीय चुनावपछि हाल पहिलोपटक मतदान भइरहेको छ भने यसअघि इस्लामिक आन्दोलन (हमास) विजयी भएको थियो ।

कायरोको अल-अजहर विश्वविद्यालयका राजनीतिक वैज्ञानिक जमाल अल-फादीलाई उद्धृत गर्दै एएफपीलाई प्यालेस्टिनी प्राधिकरणले देइर अल-बलाहमा मात्र चुनाव गरिरहेको जनाएको छ । देइर अल-बलाहको जनसङ्ख्या विस्थापित नभएको कारण मत सर्वेक्षणका लागि यो क्षेत्र छानिएको फादीले बताउनुभएको छ ।

निर्वाचन आयोगले नागरिक समाज सङ्गठनहरूबाट मतदान कर्मचारीहरू भर्ती गरी मतदान केन्द्रहरू सुरक्षित गर्न एक निजी सुरक्षा कम्पनी नियुक्त गरेको प्रवक्ता फरीद तामाल्लाहलाई उद्दृत गर्दै एएफपीले जनाएको छ ।

# मध्यपूर्व सङ्कट समाधानतर्फ अन्तर्राष्ट्रिय प्रयास तीव्र

निकोसिया,१२ वैशाख (सिन्ह्वा) । युरोपेली सङ्घका नेताहरूले मध्यपूर्व क्षेत्रमा जारी द्वन्द्वप्रति गहिरो चिन्ता व्यक्त गर्दै त्यसको स्थायी र दीर्घकालीन समाधानका लागि कूटनीतिक प्रयासलाई अझ सशक्त बनाउनुपर्ने आवश्यकता औंल्याएका छन् । साइप्रसमा सम्पन्न एक महत्त्वपूर्ण बैठकपछि उर्सुला फन डेर लेयेनले वर्तमान अवस्थालाई केवल अस्थायी रूपमा शान्त पार्ने प्रयास पर्याप्त नभएको स्पष्ट पार्दै दीर्घकालीन शान्ति स्थापना नै सबैको साझा लक्ष्य हुनुपर्ने बताउनुभयो ।

उहाँले विशेष गरी हर्मुज जलडमरूको महत्त्व उल्लेख गर्दै यस जलमार्गमा बिना कुनै अवरोध र अतिरिक्त शुल्क जहाजहरूको स्वतन्त्र आवतजावत सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो । उक्त जलमार्ग विश्व व्यापार तथा ऊर्जा आपूर्तिको दृष्टिले अत्यन्तै संवेदनशील र महत्त्वपूर्ण भएकाले यसको निर्बाध सञ्चालन सम्पूर्ण विश्वको हितमा रहेको उहाँको धारणा थियो ।

यसै सन्दर्भमा एन्टोनियो कोस्टाले पनि द्वन्द्वका कारण मानव जीवन, भौतिक संरचना तथा विश्व अर्थतन्त्रमा गम्भीर नकारात्मक प्रभाव परेको उल्लेख गर्नुभयो । उहाँले प्रत्येक दिन समाधानबिना बित्दै जाँदा परिस्थिति अझ जटिल बन्दै गएको बताउँदै तत्काल र प्रभावकारी पहल आवश्यक रहेकोमा जोड दिनुभयो । साथै, हर्मुज जलडमरूलाई तुरुन्तै पूर्ण रूपमा खुला गरिनुपर्ने र यसको स्वतन्त्र प्रयोग सुनिश्चित गरिनुपर्ने उहाँको स्पष्ट अभिव्यक्ति थियो ।

त्यसैगरी, नेताहरूले लेबनानको वर्तमान अवस्थाबारे पनि विशेष चिन्ता व्यक्त गरेका छन् । लेबनानको सार्वभौमिकता, स्वतन्त्रता र भौगोलिक अखण्डताको पूर्ण सम्मान गर्दै त्यहाँ स्थायित्व र शान्ति कायम गर्न निरन्तर कूटनीतिक प्रयास आवश्यक रहेको उनीहरूको धारणा थियो । उनीहरूले लेबनानमा स्थिरताबिना समग्र क्षेत्रमा दीर्घकालीन शान्ति सम्भव नहुने कुरामा जोड दिएका छन् ।

ऊर्जा क्षेत्रका दृष्टिकोणले पनि यो द्वन्द्वले गम्भीर असर पारेको देखिएको छ । युरोपेली सङ्घले आयातित जीवाश्म इन्धनमा खर्च उल्लेखनीय रूपमा बढेको जनाएको छ, जसले आर्थिक भार थपिएको सङ्केत गर्दछ । यस चुनौतीलाई मध्यनजर गर्दै स्वदेशमै उत्पादन हुने स्वच्छ र दिगो ऊर्जाको प्रयोग बढाउने दिशामा ठोस योजना अघि सार्ने तयारी भइरहेको जनाइएको छ ।

युरोपेली सङ्घले मध्यपूर्वमा दीर्घकालीन शान्ति स्थापना, आर्थिक स्थिरता कायम राख्ने तथा विश्वव्यापी ऊर्जा सुरक्षालाई सुदृढ बनाउने उद्देश्यले कूटनीतिक समाधानलाई नै सबैभन्दा उपयुक्त मार्गका रूपमा अघि सारेको देखिन्छ ।

# इजरायल-लेबनान वार्ता प्रयाससँगै क्षेत्रीय तनाव अझ गहिरिँदै

इजरायल, १२ वैशाख (एएफपी) । युरोपेली परिषद्का अध्यक्ष एन्तोनियो कोस्टाले जलडमरूलाई कुनै पनि प्रतिबन्ध वा शुल्कबिना तत्काल पुन: खोलिनुपर्ने आवश्यकता रहेको बताउनुभएको छ । उहाँले यसलाई विश्वव्यापी अर्थतन्त्र र आपूर्ति प्रणालीका लागि अत्यन्त महत्त्वपूर्ण विषयका रूपमा उल्लेख गर्नुभयो ।

यसैबिच, संयुक्त राज्य अमेरिका र इरानका अधिकारीहरू पाकिस्तानतर्फ प्रस्थान गरिरहेको अवस्थामा विश्व वित्तीय बजारमा सकारात्मक प्रभाव देखिएको छ । कम्पनीहरूको राम्रो नाफा विवरणपछि वाल स्ट्रिटका प्रमुख शेयर सूचकाङ्कहरू नयाँ रेकर्ड स्तरमा बन्द भएका छन् । सुरक्षा अवस्थाको सन्दर्भमा, संयुक्त राज्य अमेरिकाले मध्यपूर्व क्षेत्रमा आफ्नो सैन्य उपस्थिति थप सुदृढ गर्दै तेस्रो विमानवाहक युद्धपोत पनि तैनाथ गरेको छ ।

कूटनीतिक प्रयासतर्फ, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायल र लेबनानबिच दीर्घकालीन शान्तिको सम्भावनाबारे आशावादी विचार व्यक्त गरेका छन् । उनले हालैका भेटवार्तापछि त्रिपक्षीय संवादको सम्भावना रहेको सङ्केत गरे । यद्यपि, इजरायल र लेबनान दशकौंदेखि औपचारिक रूपमा द्वन्द्वको अवस्थामा रहेका छन् ।

तर हिजबुल्लाहका संसदीय समूह प्रमुख मोहम्मद रादले लेबनान सरकारलाई इजरायलसँग प्रत्यक्ष वार्ताबाट पछि हट्न आग्रह गर्दै प्रस्तावित शान्ति सम्झौताले राष्ट्रिय सहमति नपाउने टिप्पणी गर्नुभयो ।

यसैबिच, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले हिजबुल्लाहले शान्ति प्रक्रियामा अवरोध पुऱ्याउन खोजिरहेको आरोप लगाउँदै इजरायल लेबनानसँग ऐतिहासिक शान्ति स्थापना गर्ने दिशामा अघि बढिरहेको बताउनुभयो ।

दक्षिण लेबनानको टायर शहरमा भने युद्धको प्रभाव अझै गहिरो देखिएको छ । इजरायली हवाई आक्रमणमा ज्यान गुमाएका आफ्ना परिवारका सदस्यहरूको सम्झनाका वस्तुहरू खोज्दै एक व्यक्तिले आफ्नो जीवन अत्यन्त कठिन बनेको र लामो समयदेखि निद्रा नपरेको भावुक रूपमा बताएका छन् ।

## विश्व सङ्क्षेप

# दक्षिण लेबनानमा इजरायली हवाई आक्रमणमा ६ जनाको मृत्यु



बेरुत, १२ वैशाख (सिन्ह्वा) । दक्षिण लेबनानमा इजरायली हवाई आक्रमणका कारण शुक्रबार कम्तीमा ६ जनाको ज्यान गएको छ भने दुई जना घाइते भएका छन् ।

राजधानी बेरुतबाट प्राप्त विवरणअनुसार, लेबनानको सार्वजनिक स्वास्थ्य मन्त्रालयअन्तर्गतको आपतकालीन सञ्चालन केन्द्रले जारी गरेको विज्ञप्तिमा विभिन्न स्थानमा भएका आक्रमणका कारण क्षति भएको उल्लेख गरिएको छ । वादी अल-हुजैरमा दुई जनाको मृत्यु भएको छ भने सिफ्रामा एक जनाको ज्यान गएको छ । त्यसैगरी, याटेरमा एक जनाको मृत्यु र एक जना घाइते भएका छन्, टाउलिनमा दुई जनाको ज्यान गएको छ भने खिर्बेत सेल्ममा एक जना घाइते भएका छन् ।

यी आक्रमणहरू इजरायल र लेबनानबिच अप्रिल १६ र १७ को मध्यरातदेखि लागू भएको युद्धविरामको बिचमै भएका हुन्, जुन पछिल्ला केही हप्तादेखि जारी सीमापार झडप र इरानसँग सम्बन्धित क्षेत्रीय तनावका कारण भएको थियो । यसै सन्दर्भमा डोनाल्ड ट्रम्पले हालको १० दिने युद्धविरामलाई थप तीन हप्ताका लागि विस्तार गर्ने घोषणा गरेका छन्, जसले क्षेत्रीय स्थिरता कायम गर्ने प्रयासलाई निरन्तरता दिने अपेक्षा गरिएको छ ।

# ऊर्जा र स्वास्थ्य क्षेत्रमा सहकार्य विस्तार गर्ने सिङ्गापुरको योजना

सिङ्गापुर,१२ वैशाख (सिन्ह्वा) । सिङ्गापुर र अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकायबिच सन् २०२६ देखि २०३१ सम्मका लागि नयाँ सहकार्य ढाँचासम्बन्धी चौथो सम्झौतामा हस्ताक्षर भएको छ । यो ढाँचा मध्यम अवधिको प्राविधिक सहकार्यलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण आधारका रूपमा रहने जनाइएको छ ।

यस सम्झौताले राष्ट्रिय विकासका लक्ष्यहरू प्राप्त गर्न आवश्यक पर्ने क्षेत्रहरू पहिचान गर्दै आणविक प्रविधिको उपयोग र स्रोतको प्रभावकारी प्रयोगमा जोड दिएको छ । विशेषगरी, यसमा छ वटा प्राथमिक क्षेत्र निर्धारण गरिएका छन्, जसमा आणविक तथा विकिरण सुरक्षा, वातावरण संरक्षण, खाद्य सुरक्षा, मानव स्वास्थ्य, ऊर्जा तथा औद्योगिक प्रयोग समावेश छन् ।

नयाँ ढाँचाले सिङ्गापुरको क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेको छ । यसअन्तर्गत नयाँ ऊर्जा प्रविधिको उपयुक्तता मूल्याङ्कन गर्ने क्षमता विकास, वातावरणीय विकिरण निगरानी सुदृढीकरण, खाद्य परीक्षणको गुणस्तर सुधार, साथै क्यान्सर उपचार र आणविक चित्रण प्रविधिको सुरक्षा र प्रभावकारिता वृद्धि गर्ने योजना रहेको छ ।

यसका साथै, सिङ्गापुरले भविष्यमा आणविक ऊर्जाको सम्भावित प्रयोगबारे अध्ययन गरिरहेको सन्दर्भमा आणविक सुरक्षासम्बन्धी क्षमता थप मजबुत बनाउने उद्देश्य पनि यस ढाँचाले राखेको छ ।

क्षेत्रीय स्तरमा बढ्दो आणविक ऊर्जाप्रतिको चासोलाई समेत ध्यानमा राखिएको छ । सिङ्गापुर सन् १९६७ मा अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकायको सदस्य बनेको थियो ।

# अफगानिस्तानमा घरको छत खस्दा पाँच जनाको मृत्यु, दुई घाइते

काबुल, १२ वैशाख (सिन्ह्वा) । पश्चिमी अफगानिस्तानको बदघिस प्रान्तमा शनिबार घरको छत खस्दा एउटै परिवारका पाँच जनाको मृत्यु हुनुका साथै अन्य दुई जना घाइते भएको प्रान्तीय प्रहरी कार्यालयले जनाएको छ ।

प्रान्तीय राजधानी काला-ए-नवमा भएको घटनाको पुष्टि गर्दै प्रहरीले विज्ञप्ति जारी गरेको छ । पीडितहरूमा चार बालबालिका र एक महिला रहेको जनाइएको छ भने परिवारका थप दुई सदस्यहरू घाइते भएका छन् ।

यसअघि बुधबार पूर्वी वर्दक प्रान्तमा भएको यस्तै घटनामा दुई जनाको मृत्यु भएको थियो ।

युद्ध पछिको अफगानिस्तानका मानिसहरू प्राय: माटोका घरहरूमा बस्छन्, जुन वर्षा र बाढीलगायत प्राकृतिक प्रकोपहरूको जोखिममा छन् । अफगानिस्तानका केही भागहरूमा विगत केही दिनदेखि भारी वर्षा र बाढीको सामना गरिरहेको जनाइएको छ ।

# असक्षमताको परिणाम

✍ स्कट रित्तर

***(इरानसँगको युद्धको पहिलो चरण अमेरिका निर्णायक रूपमा हारेको थियो । यदि ट्रम्पले दोस्रो चरणमा जाने निर्णय गरे भने, परिणाम अमेरिकी र उसका सहयोगीहरूका लागि विनाशकारी हुनेछ ।)***

लगभग ४० दिनसम्म, इजरायल र संयुक्त राज्य अमेरिकाले इरानविरूद्ध व्यापक हवाई अभियान चलाए, जुन इरानी सरकारलाई ढाल्न र उसको आत्मरक्षा गर्ने क्षमतालाई दबाउन डिजाइन गरिएको थियो । यो अभियानले आफ्नो कुनै पनि उल्लेखित उद्देश्य हासिल गर्न असफल भयो । बरू, यो सङ्ख्याको खेलमा परिणत भयो जहाँ सैन्य पेशेवरहरू र राजनीतिज्ञहरू दुवैले निर्विवाद जनतालाई बढाइचढाइ गरिएका परिणामहरू बेचे । इरानी सरकारले शिरच्छेदन-प्रेरित शासन परिवर्तनको प्रयासहरूको प्रतिरोध मात्र गरेन, तर वास्तवमा सत्तामा आफ्नो पकड बलियो बनायो जब इरानका जनता, इस्लामिक गणतन्त्रमाथि आक्रमण गर्नुको सट्टा, समर्थनमा जुटे । यसबाहेक, अमेरिकी सैन्य अड्डाहरूविरूद्ध ब्यालिस्टिक क्षेप्यास्त्र र ड्रोन प्रहार गर्ने इरानको क्षमतालाई दबाउनुको सट्टा, खाडी अरब राज्यहरू र इजरायलमा महत्त्वपूर्ण पूर्वाधारहरू, इरानले प्रहार गर्ने आफ्नो क्षमतालाई मात्र कायम राखेन, तर सबै क्षेप्यास्त्र प्रतिरक्षा प्रणालीहरूलाई सजिलै पराजित गर्ने नयाँ पुस्ताका हतियारहरू तैनाथ गर्यो, जबकि सही लक्ष्यीकरण गर्न अनुमति दिने गुप्तचर जानकारी प्रयोग गरेर, दशौँ अर्ब डलरको महत्त्वपूर्ण सैन्य पूर्वाधार नष्ट गर्यो ।

क्षेत्रीय विज्ञहरूले लामो समयदेखि इरानसँग अस्तित्वगत द्वन्द्वमा प्रवेश गर्दा हुने परिणामहरूको बारेमा चेतावनी दिएका थिए र उल्लेख गरेका थिए कि इरानले यस क्षेत्रका अन्य राष्ट्रहरूलाई पनि आफ्नो अस्तित्वको लागि समान अस्तित्वगत खतराहरूको अधीनमा राख्ने कुरा सुनिश्चित नगरी आफूलाई एक व्यवहार्य राष्ट्र राज्यको रूपमा मेटाउन दिनेछैन र विश्वव्यापी ऊर्जा सुरक्षामा यस्तो बाधा पुग्नेछ कि यसले विश्व आर्थिक सङ्कट निम्त्याउनेछ । यी मूल्याङ्कनहरूलाई इरानले हर्मुज जलडमरुमा हुने ढुवानी बन्द गर्ने मात्र सक्षम हुने छैन तर खाडी अरब राज्यहरूको प्रमुख ऊर्जा उत्पादन क्षमतालाई प्रभावकारी रूपमा लक्षित र नष्ट गर्न पनि सक्षम हुनेछ भन्ने विश्वासले समर्थन गरेको थियो ।

अमेरिका र इजरायलका राजनीतिज्ञ र सैन्य योजनाकारहरूले इरानको विश्वव्यापी ऊर्जा बजारलाई प्रभाव पार्ने वा इजरायल र खाडी क्षेत्रमा लक्षित आक्रमण गर्ने क्षमतामा शङ्का गरेका थिएनन् । उनीहरूलाई थाहा थियो कि इरानसँग क्षमता छ ।

उनीहरूलाई विश्वास थियो कि उनीहरूले तेहरानमा अपेक्षाकृत छोटो समयमा शासन परिवर्तन हासिल गर्न सक्षम हुनेछन्, जसले गर्दा इरानले ऊर्जा आपूर्ति र पूर्वाधारमा निम्त्याउन सक्ने कुनै पनि खतराको सामना गर्न सक्नेछन् ।

तिनीहरू गलत थिए, त्यसैले अमेरिका युद्ध सुरु भएको केही समयपछि नै त्यसबाट छुटकारा खोजिरहेको थियो ।

अन्तिम परिणाम यो हालको युद्धविराम थियो, जुन स्पष्ट रूपमा अमेरिकी र इरानी वार्ताकारहरूलाई दिगो शान्ति योजना बनाउन समय किन्नको लागि गरिएको थियो । यद्यपि, एउटा आधारभूत समस्या छ ।

इरानले हालका वार्ताहरूलाई व्यावहारिक, वास्तविकतामा आधारित दृष्टिकोणबाट अगाडि बढाएको छ जुन अमेरिका र इरानबिचको वास्तविक मतभेदका प्रमुख बुँदाहरू समाधान गर्ने कुरामा आधारित छ । अमेरिकामा भने राष्ट्रपति ट्रम्पको राजनीतीकरण गरिएको इच्छाशक्तिद्वारा बन्धक बनिरहेको छ, जसले घरेलु जनमतलाई त्यस्तो तरिकाले आकार दिन खोजिरहेको छ कि अपमानजनक हारको वास्तविकतालाई साहसी विजयको धारणामा रूपान्तरण परिणत गर्दै छ ।

ट्रम्पले अमेरिकालाई महँगो, खुला सैन्य दुस्साहसबाट जोगाउने धारणामा आधारित प्लेटफर्ममा राष्ट्रपति पदको लागि प्रतिस्पर्धा गरेका थिए जसले २१ औँ शताब्दीको सुरुवातदेखि नै अमेरिकालाई परिभाषित गरेको थियो ।

इरानसँगको युद्धले यो वाचालाई झूट साबित गर्यो ।

यो झूट, उनको दोस्रो कार्यकालको पहिलो डेढ वर्षमा भएका अन्य धेरै राजनीतिक गल्तीहरूसँग मिलेर, राष्ट्रपति ट्रम्प र उनको राजनीतिक विरासतलाई जोखिममा पारेको छ, क्षितिजमा महत्त्वपूर्ण मध्यावधि चुनाव आउँदै छ जसले अमेरिकी काङ्ग्रेसमा शक्ति सन्तुलन रिपब्लिकन पार्टीबाट डेमोक्रेटिक पार्टीमा सार्ने खतरा बढाएको छ । यदि रिपब्लिकनहरूले प्रतिनिधिसभा हारे भने, डोनाल्ड ट्रम्पमाथि महाभियोग लाग्ने कुरा लगभग निश्चितजस्तै छ । यतिले मात्र ट्रम्पको विधायी एजेन्डाको अन्त्य हुनेछ । तर यदि डेमोक्रेटहरूले सिनेट पनि लिए भने र त्यो पनि पर्याप्त फराकिलो अन्तरका साथ ट्रम्पले आफूलाई महाभियोग मात्र लगाउने छैनन्, तर सम्भवत: दोषी पनि ठहरिनेछन् ।

यसको अर्थ ट्रम्प राष्ट्रपति पदको अन्त्य मात्र हुनेछैन, ट्रम्प ब्रान्डको पनि अन्त्य हुनेछ, जुन ट्रम्पले आफ्नो सम्पूर्ण वयस्क जीवनलाई चम्काउँदै आएका छन् र जसलाई उनले व्यक्तित्वको राजनीतिक पन्थमा रूपान्तरण गरेका छन् जसले अमेरिकी राजनीतिलाई पुन: परिभाषित गरेको छ ।

इरान भूराजनीति र राष्ट्रिय सुरक्षाको व्यावहारिकता र वास्तविकतामा केन्द्रित वार्ताको वर्तमान चरणमा प्रवेश गरेको छ ।

ट्रम्प आफ्नो राजनीतिक लाभको लागि धारणाहरूलाई आकार दिने स्वभावका छन् । यी मिल्दो लक्ष्य र उद्देश्यहरू होइनन्, विशेषगरी जब इरान आफूले नचाहेको युद्धबाट विजयी भएको छ र ट्रम्पले एउटा यस्तो कथा आविष्कार गर्न खोजिरहेका छन् जसले उनलाई त्यस्तो द्वन्द्वमा विजयी बनाउँछ जुन उनको टोलीले कहिल्यै संलग्न हुनुहुँदैनथ्यो, तर जुन उनीहरूले हारे । अब ट्रम्पले यो निराशाजनक वास्तविकतालाई राजनीतिक रूपमा फाइदा पुग्ने तरिकाले घुमाउनुपर्छ ।

हर्मुज जलडमरुमाथिको हालको गतिरोधलाई लिनुहोस् ।

इरानले यस रणनीतिक जलमार्गमा हुने सबै ढुवानीमाथि नियन्त्रण कायम राखेको छ; र कुन जहाज पारवहन गर्न सक्छन् भन्नेबारेमा छनौट गरेर; विश्वव्यापी ऊर्जा सङ्कट सिर्जना गरेको छ जसले युरोप र एसियामा रहेका अमेरिकी सहयोगीहरूलाई हानिकारक असर पारेको छ ।

इरानले जबरजस्ती जलडमरु बन्द गरेको समस्याको लागि अमेरिकासँग कुनै सैन्य समाधान नभएको वास्तविकताले गर्दा अमेरिकाले आफूले सिर्जना गरेका समस्याहरूको कूटनीतिक समाधान खोज्न बाध्य भयो ।

अन्य बाँकी रहेका मुद्दाहरू पनि छन्, जस्तै इरानको ६० प्रतिशत समृद्ध युरेनियमको भण्डार (जुन अमेरिकाले असफल विशेष अपरेसन छापामारीमा कब्जा गर्ने प्रयास गरेको देखिन्छ), साथै सामान्यतया इरानको आणविक कार्यक्रमको मुद्दा, जुन अमेरिकाले इरानले पूर्ण रूपमा संवर्धन त्यागेमा मात्र जारी राख्न सक्ने कुरामा जोड दिन्छ, जुन इरानले कहिल्यै स्वीकार गरेको छैन ।

अमेरिकाले इरानको ब्यालिस्टिक क्षेप्यास्त्र कार्यक्रमलाई पनि कटौती गराउन चाहन्छ, यद्यपि यी नै क्षेप्यास्त्रहरूले इरानलाई अमेरिका, इजरायल र खाडी अरब राज्यहरूमाथि सैन्य रूपमा विजय हासिल गर्ने क्षमता प्रदान गरेका थिए ।

अमेरिकाले इरानले लेबनानमा रहेको हिजबुल्ला (जुन दक्षिणी लेबनानमा इजरायलको निरन्तर कब्जाको कारण इजरायलसँग खुला द्वन्द्वमा संलग्न छ) र यमनको अन्सरअल्लाह आन्दोलन, जसले २०१४ देखि साउदी नेतृत्वको आक्रमणको विरोध गर्दै आएको छ ।

इरानले यी कुनै पनि मुद्दालाई स्वीकार गर्ने सम्भावना निकै कम छ, विशेषगरी युद्ध जितेपछि जहाँ सबै गैरआणविक मामिलाहरूले इरानी विजयमा योगदान पुर्याएका थिए । र त्यसैमा समस्या छ ।

ट्रम्पले इजरायलबाट प्रभावित भाष्यलाई धेरै हदसम्म विश्वास गरेका छन् जसले विजयलाई माथि सूचीबद्ध सबै मुद्दाहरूमा इरानले आत्मसमर्पण गरेमा विजय प्राप्त हुने कुरालाई परिभाषित गर्दछ ।

जुन इरानले कहिल्यै गर्ने छैन । अमेरिकी जनमतलाई आफ्नो पक्षमा ढाल्ने प्रयास गर्दा ट्रम्पले शून्य राजनीतिक चतुरता देखाएका छन् ।

इरानलाई हर्मुज जलडमरु खोल्न सहमत गराउनुको श्रेय लिनुको सट्टा, ट्रम्पले नाम मात्रको नौसेना नाकाबन्दी जारी राख्न जोड दिएर आफूलाई कडा मान्छेको रूपमा प्रस्तुत गर्न जोड दिन्छन्, जसले गर्दा इरानलाई बाटो उल्ट्याएर जलडमरु बन्द गर्न प्रेरित गर्यो । र इरान वार्ता बन्द गर्छ ।

ट्रम्प आफ्नै सिर्जित समस्यामा थप फसेका छन् ।

इरानलाई हराउन असमर्थ साबित भएका सैन्य कारबाही पुन: सुरु गर्नु नै एक मात्र विकल्प उपलब्ध भएकोले हो यदि सुरु गरियो भने यसले विश्वव्यापी ऊर्जा बजारमा विनाशकारी प्रभाव पार्ने परिणामहरू निम्त्याउनेछ । युद्धविरामको सुरुवात गर्दा ट्रम्पले यही कुराबाट बच्न खोजिरहेका थिए ।

तर यसका अन्य परिणामहरू पनि हुन सक्छन् ।

इरान यस द्वन्द्वको त्यो बिन्दुमा छ जहाँ तनाव व्यवस्थापनको खेल खेल्ने प्रयास गर्नु प्रत्युत्पादक छ ।

यदि अमेरिकाले इजरायलको साथ होस् वा नहोस्, इरानमाथि फेरी आक्रमण गर्छ भने, इरानसँग सुरुदेखि नै ठूलो नोक्सान पुर्याउनेबाहेक अरू कुनै विकल्प हुनेछैन ।

इरानसँगको द्वन्द्वमा अमेरिकालाई सहयोग प्रदान गरिरहेका संयुक्त अरब इमिरेट्स, साउदी अरेबिया, कुवेत र बहराइनजस्ता क्षेत्रीय खेलाडीहरूको ऊर्जा उत्पादन क्षमतामा मात्र प्रहार नगरी तिनीहरूको पानी डिसेलिनाइजेसन प्लान्ट र बिजुली उत्पादन प्लान्टहरूमा पनि प्रहार गर्नेछ ।

यी राष्ट्रहरूलाई बाँच्नको लागि आवश्यक पर्ने पानीमा पहुँचबाट वञ्चित गर्दैछ ।

सभ्यताको आधुनिक ओएसिसको रूपमा आफ्नो स्थिति परिभाषित गर्ने गगनचुम्बी भवनहरूलाई वातानुकूलित प्रदान गर्न उनीहरूलाई आवश्यक शक्तिविहीन गर्दैछ ।

गर्मी महिनाहरू नजिकिँदै छन् ।

अनि यदि इरानले पानी र वातानुकूलित प्रणाली हटायो भने यी आधुनिक खाडी अरब राज्यहरू बस्न योग्य हुने छैनन् ।

दुबई र अबुधाबीजस्ता सहरहरू बस्न योग्य हुने छैनन् । त्यस्तै, कुवेत सहर, रियाद र मनामा पनि ।

यी खाडी राष्ट्रहरूका शासकहरूले विगत केही दशकहरूमा हासिल गर्न चाहेका सबै कुरा भग्नावशेषमा परिणत हुनेछन्, समृद्ध महानगरको सट्टा भूत सहरहरू बन्नेछन् ।

इरानले सम्भवत: इजरायललाई पनि त्यस्तै गर्नेछ, आधुनिक राष्ट्र राज्यको रूपमा बाँच्नको लागि सानो जियोनिस्ट एन्क्लेभलाई आवश्यक पर्ने महत्त्वपूर्ण पूर्वाधारलाई नष्ट गर्नेछ ।

लाखौँ इजरायलीहरूका लागि 'दूध र महको भूमि' लाई बस्न अयोग्य बनाउने, जससँग आफ्नो मूल घर फर्कनुबाहेक कुनै विकल्प हुनेछैन ।

यी सबै ज्ञात कुराहरू हुन् - इरानविरुद्ध सैन्य कारबाही पुन: सुरु गर्दा के परिणाम आउँछ भन्नेबारेमा कुनै रहस्य छैन ।

अल्बर्ट आइन्स्टाइनको एक पटक व्यापक रूपमा उद्धृत गरिएको भनाइ छ जसले पागलपनको परिभाषा भनेको बारम्बार उही काम गर्नु र फरक परिणामको अपेक्षा गर्नु हो ।

अमेरिका र इजरायलले आ-आफ्नो वायु सेनाको पूर्ण शक्ति प्रयोग गरेर इरानविरुद्ध अचानक आक्रमण गरे ।

उनीहरू असफल भए ।

आज, इरान संयुक्त अमेरिकी-इजरायली संयुक्त आक्रमण स्वीकार गर्न तयार छ जुन ती प्रारम्भिक आक्रमणहरूको विनाशकारी शक्तिसँग मेल खानेछ, तर त्यो भन्दा बढी हुनेछैन ।

अनि इरानले मिसाइल र ड्रोन आक्रमणको साथ प्रतिक्रिया दिनेछ जुन यसको उसको अघिल्लो प्रतिशोधी हमलाको लक्षित विनाशभन्दा धेरै हुनेछ ।

इरानले सिधै बङ्गारामा हानेर तनावको चक्र परिवर्तन गर्नेछ ।

ट्रम्पले चाल पनि पाउने छैन कि उसलाई केले प्रहार गर्यो ।

अक्षमताको परिणाम घाटक छ ।

यदि अमेरिकाले आगामी केही दिनमा इरानमाथि बमबारी पुन: सुरु गर्ने धम्की दिएमा ट्रम्प र अमेरिकी जनताले वास्तविक समयमा पत्ता लगाउने कुरा यही नै हो ।

# गर्भवती, प्रसव र सुत्केरीलाई घरदेखि अस्पतालसम्मै छ हिंसा

✍ मधु शाही

यो कोठा कहाँ पर्छ ?
मैले अस्पतालको कर्मचारीलाई सोधेँ ।
जवाफ आयो, "ऊ त्यहाँनिर ।"

मैले पत्ता लगाउन सकिनँ र फेरि सोधेँ । अर्को पटक मुखैमा नहेरी उहाँले फेरि ऊ क्या त्यहीँनिरै भन्नुभयो । मैले दोस्रोपटक पनि देखिनँ । तेस्रोपटक सोध्दा ती अस्पतालका कर्मचारीले झर्किंदै भने, "ओ बहिनी के हो ? कान सुनिदैन कि क्या हो ?"

अघिल्लो बुधबार काठमाडौँको थापाथलीस्थित प्रसूति गृहबाट डिस्चार्ज भएकी एक सुत्केरी आमाले काखमा नवजात शिशु समाउँदै वर्ष दिनअघिको त्यो क्षणको स्मरण गर्नुभयो । त्यो क्षण सम्भवत: उहाँले जीवनमा धेरै पछिसम्म पनि भुल्न सक्नुहुन्न होला । उहाँका अनुसार त्यो दिन गर्भवती भएको पहिलोपटक अस्पताल जाँचको लागि आउनुभएको थियो ।

अस्पतालमा कुन कोठा कहाँ छ सुरुमा थाहा नहुनु स्वाभाविकै हो । त्यही पनि आफू जनकपुरको बासिन्दा भएकाले नेपाली भाषा स्पष्टसँग बोल्न र बुझ्न पनि समस्या भएको उहाँले सुनाउनुभयो ।

नेपाली भाषा बुझ्न बुझाउन गाह्रो भएर ती कर्मचारीले गतिलो व्यवहार नगरेको हो कि भन्ने उहाँ अनुमान लगाउनुहुन्छ । यद्यपि, जुन व्यवहार भयो त्यसले उहाँको आत्मसम्मानमा ठुलो चोट पुगेको अनुभूति उहाँलाई अहिले पनि भइरहेको छ । उहाँले भन्नुभयो, "गर्भवती जाँच गर्न आएको पहिलो दिन मनमा एक प्रकारको डर थियो । त्यसमा पनि त्यो कर्मचारी झर्किएको देखेर मन दु:खी बनाउँदै अस्पतालदेखि घर फर्किएकी थिएँ ।"



गर्भवती, प्रसव (बच्चा जन्माउने क्रमको अवस्था), प्रसवोत्तर (बच्चा जन्माएपछिको अवस्था) गरी तीन चरणमा घरदेखि अस्पतालसम्म महिलामाथि गरिने हिंसा उच्च रहेको पाइएको विभिन्न अध्ययनले देखाएका छन् । महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी) ले हालै गरेको एक अध्ययनमा पनि परिवारका सदस्य, श्रीमान्देखि अस्पतालका सेवा प्रदायकले गरेको दुर्व्यवहार, हिंसा र अधिकार उल्लङ्घनको तथ्याङ्क सार्वजनिक गरेको छ । अनुसन्धानको क्रममा पीडित महिलाहरूले आफूमाथि भएको दुर्व्यवहारको प्रकृति खुलाएका छन् ।

मञ्चले नेपालमा गर्भावस्था, प्रसव र प्रसवोत्तर महिलाहरूले भोगेका दुर्व्यवहार, हिंसा र अधिकार उल्लङ्घनसम्बन्धी तथ्य-अन्वेषण अध्ययन गरेको हो । अध्ययनमा सात प्रदेशका १४ जिल्लामा २८ पालिकाका गर्भवती, प्रसव, प्रसवोत्तर गरी एक हजार ६८० जनासँग अन्तर्वार्ता लिएको थियो । अनुसन्धानले गर्भवती अवस्थामा ३८.८ प्रतिशत, प्रसव अवस्थामा ३७.९ प्रतिशत र प्रसवोत्तरमा ३५.९ प्रतिशतले हिंसा भोग्नु परेको निष्कर्ष निकालेको छ ।

अध्ययनमा १७.१ प्रतिशत गर्भवतीले स्वास्थ्य र सेवासम्बन्धी प्रश्न तथा जिज्ञासाहरूलाई सेवा प्रदायकले गम्भीरतापूर्वक नलिएको अनुभव सुनाएका छन् । यस्ता अनुभव गर्ने महिलाहरूमा गण्डकी, वाग्मती र लुम्बिनी प्रदेशका महिलाहरूमा बढी पाइएको छ । स्वास्थ्य संस्थामा बच्चा जन्माउँदा १२.३ प्रतिशत महिलाहरूले आवश्यक सहयोग चाहिएको बेलामा सेवा प्रदायकले एक्लै छाडिदिएको अनुसन्धानमा उल्लेख छ ।

त्यस्तै, ७.९ प्रतिशत महिलाले बच्चा जन्माउने बेलामा सहयोगका लागि अनुरोध गर्दा पनि अस्पताल सेवा प्रदायकबाट कुनै पनि सहयोग नपाएको अनुभव सुनाएका छन् । अध्ययनमा प्रसूतिपछि पैसा तिर्न नसकेर घर नपठाएको भन्नेहरूमा ०.५ प्रतिशत रहेको उल्लेख छ ।

अध्ययनमा उल्लेख गरिएअनुसार, लुम्बिनी प्रदेशको सासू समूहले गर्भवती जाँचको लागि अस्पताल जाँदा सेवाप्रदायकले राम्रो व्यवहार नगरेको बताएको छ । "सोधेको कुरा उत्तर नदिने खालको व्यवहार हुन्छ । अस्पताल त समस्या भएर जाने हो ।" सासू समूहले गर्भवतीको गर्भ जाँच गर्दा पनि लापरबाही गर्ने गरेको र राम्रोसँग परामर्श नदिने गरेको जनाएको छ । समूहका अनुसार जाँचको लागि बोलाउने र धेरै बेर कुराउने, नबुझेको कुरा सोध्न जाँदा "आज धेरै भिड छ हामीलाई फुर्सद छैन" भनेर धेरै बेर प्रतीक्षा गराउने गरेको अनुभव छ ।

**हिंसा र दुर्व्यवहार गर्ने व्यक्तिहरू परिवार, छिमेकीदेखि सेवा प्रदायकसम्मै**

गर्भवती, प्रसव र प्रसवोत्तर अवस्थामा हिंसा गर्ने व्यक्तिहरूमा परिवारका सदस्य, नातेदार, श्रीमान्, छिमेकी र सेवा प्रदायक रहेका छन् । अनुसन्धानले पितृसत्तात्मक सोचको कारण परिवार र छिमेकीबाट हिंसा खेप्नुपरेको कारण उल्लेख गरेको छ भने सेवा प्रदायकहरूले कामप्रतिको संवेदनशीलता नबुझेर दुर्व्यवहार गरेको निष्कर्ष निकालेको छ ।

विभिन्न अस्पतालमा सेवा लिने क्रममा सेवा प्रदायकबाट गर्भवती, प्रसव र प्रसवोत्तर अवस्थामा हिंसामा पर्ने ६२.१ प्रतिशत रहेको यस अनुसन्धानले खुलाएको छ । त्यस्तै, सबैभन्दा बढी ७१.१ प्रतिशत हिंसा गर्ने व्यक्तिहरूमा परिवारका सदस्य/नातेदार रहेको अनुसन्धानले देखाएको छ । यसमध्ये

*बाँकी पृष्ठ ८ मा*

# कोरला नाका: पूर्वाधार निर्माण तथा व्यवस्थापन गर्नुपर्नेमा जोड

मुस्ताङ, १२ वैशाख । मुस्ताङको उत्तरी कोरला नाका (नेपाल-चीन) मा आवश्यक भौतिक पूर्वधार निर्माण तथा व्यवस्थापन प्रभावकारी रूपमा गर्नुपर्ने जोड दिइएको छ । शुक्रबार यहाँ आयोजित नवौँ अन्तरपालिका जिल्लास्तरीय समन्वयात्मक बैठकमा यहाँका कोरला नाकालाई प्राथमिकतामा राखेर आवश्यक भौतिक संरचना निर्माण तथा आयात/निर्यातलाई सहज बनाउनेतर्फ जोड दिइएको हो ।

पाँच पालिकाले सरकारले कोरला नाकालाई व्यवस्थित गराउँदै आयात/निर्यात थप प्रभावकारी बनाउनुपर्ने माग गरेका हुन् । जिल्ला समन्वय समिति मुस्ताङको समन्वय तथा बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आयोजनामा मनाङ-मुस्ताङ पदमार्ग थोरलाफेदीमा अन्तरपालिका समन्वय बैठक आयोजना गरिएको थियो ।

उक्त अन्तरपालिका बैठकले कोरला नाका पूर्णरूपमा सञ्चालन भइसकेको अवस्थामा नाका क्षेत्रमा आवश्यक भन्सार, सुक्खा बन्दरगाह, एकीकृत सुरक्षा पोस्टलगायत भौतिक संरचना निर्माण हुन नसकेकाले जिल्ला समन्वय समितिमार्फत सरकारको ध्यानाकर्षण गराउने निर्णय गरिएको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष रिनजिन नामगेल गुरुङले जानकारी दिनुभयो ।

समन्वयात्मक बैठकले कोरला नाका सञ्चालन भइरहेकाले आयात/निर्यातलाई थप व्यवस्थित र प्रभावकारी बनाउन पशु तथा कृषि क्वारेन्टाइन कार्यालय स्थापना गर्न र नाकामा आवश्यक जनशक्ति व्यवस्थापन गराउन सरकारसमक्ष माग गर्ने निर्णय भएको अध्यक्ष गुरुङले बताउनुभयो ।

जिल्लामा रहेका समसामयिक समस्या, चुनौती र सामधानका विकल्प पहिचान गर्ने उद्देश्यले आयोजना भएको समन्वयात्मक बैठकमा मुस्ताङलाई अर्गानिक खेतीको जिल्ला घोषणा गर्न रासायनिक मलको आपूर्तिलाई निरुत्साहित गर्दै लैजाने निर्णय गरिएको अध्यक्ष गुरुङले उल्लेख गर्नुभयो ।

यहाँको स्याउसहित अन्य स्थानीय (रैथाने) अन्नबालीमा अघोषित रूपमा रासायनिक मलको प्रयोग भइरहेकाले मुस्ताङको अर्गानिक पहिचानलाई प्रतिकूल असर पुऱ्याउने भन्दै अर्गानिक खेतीको जिल्ला घोषणा गरी सोहीअनुसार किसानलाई जानकारी उपलब्ध गराइने उहाँको भनाइ छ ।

रासायनिक मलको प्रयोगले मानव स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउने, माटोको उर्बराशक्तिमा ऱ्हास पुऱ्याउने र आम उपभोक्ताको स्वास्थ्यमा नकारात्मक असर पुऱ्याउने भएकाले चालु आर्थिक वर्षको असारसम्ममा रासायनिक मल आयात गर्ने व्यापारी तथा प्रयोगकर्ता किसानलाई सोको प्रयोगमा निरुत्साहित गर्न विभिन्न सचेतामूलक कार्यक्रम सञ्चालन गरिने निर्णय भएको अध्यक्ष गुरुङले जानकारी दिनुभयो ।

उहाँका अनुसार मुस्ताङमा २०३२ सालमा नापी हुँदा थोरै क्षेत्रफल मात्र भएको, बसोबास रहेको क्षेत्र नापी हुन नसकेकाले यसको दीर्घकालीन समस्या समाधानका लागि विभागबाट नापी गोश्वारा खटाएर प्रविधिमैत्री नापीका लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय भएको छ ।

घरपभ्फोङ गाउँपालिकाले आयोजना गर्ने भनिएको जलवायु सम्मेलनलाई मुस्ताङका अन्य पालिकाले अपनत्व ग्रहण गर्दै सामूहिक ऐक्यबद्धता जनाउन सहलगानी गर्ने निर्णय गरिएको अध्यक्ष गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार जलवायु सङ्कटले समग्र मुस्ताङ जिल्लाको आर्थिक, सांस्कृतिक, भौतिक, जैविक विविधतालगायत क्षेत्रमा प्रतिकूल असर पुऱ्याएको उल्लेख गर्दै जलवायु सङ्कटसँग जुध्दै अघि बढ्ने गरी विश्व समुदायको ध्यानाकर्षण गर्नुपर्ने आवश्यकता रहेको औँल्याइएको छ ।

जिल्ला समन्वय समिति मुस्ताङको समन्वयमा आयोजित बैठकमा यहाँका पाँचवटै पालिकाका अध्यक्ष/उपाध्यक्ष एवं प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति थियो । जिल्लाका समस्या र चुनौतीको समाधानका लागि एउटै मञ्चमा उभिएर साझा अवधारणा तय गर्ने संस्कृतिको विकास गरिएको अध्यक्ष गुरुङले बताउनुभयो । यसप्रकारको अन्तरपालिका समन्वयात्मक बैठकले असल अभ्यास र सुशासन प्रवर्द्धनमा योगदान पुऱ्याउने उहाँले विश्वास व्यक्त गर्नुभयो । ***(रासस)***

# विदेशी शक्तिको सामु झुक्न नहुने



कैलाली, १२ वैशाख । नेपाल मजदुर किसान पार्टी कैलालीको आयोजनामा जानकी गाउँपालिका वडा नं २ कालिकापुरमा मतदाताहरूलाई धन्यवाद तथा केन्द्रीय समितिको बैठकको सन्देश कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं कैलाली संयोजक रमेशकुमार रावलले प्रतिनिधिसभा सदस्य निर्वाचनमा मादल चिन्हमा छाप हाल्ने मतदाताहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो । नेपाल मजदुर किसान पार्टीको हालै सम्पन्न केन्द्रीय समितिको बैठकको सन्देशलाई जनताको बिचमा पुऱ्याउनुपर्ने बताउनुभयो । उहाँले नेमकिपा देश र जनताको नि:स्वार्थ सेवा गर्दै आएको पार्टी हो भन्नुभयो ।

उहाँले भन्नुभयो, "नेमकिपा चुनाव जित्न झूटा आश्वासन बाँड्ने, आतङ्क मच्चाउने र विदेशी शक्तिको सामु झुक्ने गर्दैन ।" नेमकिपाले घोषणापत्रअनुसार जनतासँग मत मागेको स्पष्ट पार्दै उहाँले योग्यताअनुसारको काम र कामअनुसारको पारिश्रमिकको व्यवस्था गर्नु आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "संरा अमेरिकी ट्रम्प प्रशासनले इरानको इन्धन कब्जा गर्न इरानमा सैनिक आक्रमण गरेको हुँदा विश्वमै इन्धन र खाद्यान्न अभाव भयो । नेपालमा पनि इन्धनको मूल्य बढ्यो । यसको दोषी ट्रम्प प्रशासन नै हो ।"

नेपाल मजदुर किसान पार्टी कैलालीका सचिव गगनबहादुर थापामगरले मतदातालाई धन्यवादज्ञापन गर्दै कामदारवर्गको हित समाजवादी व्यवस्थामा हुन्छ भन्नुभयो । नेपाल मजदुर किसान पार्टी कैलाली सदस्य धनबहादुर थापामगरले मतदातालाई धन्यवाद व्यक्त गर्दै नेमकिपाले वर्गीय राजनीतिलाई अगाडि बढाउन जोड दिँदै आएको बताउनुभयो ।

कार्यक्रममा विटी मगरले नेमकिपा इमानदार पार्टी हो भन्नुभयो ।

***जाँचबुझ...***

प्रहरीहरू नजिकै रहेको बाग्मती खोलामा फाल हानी ज्यान जोगाए । तर यस्तो विषम परिस्थितिमा नजिकै रहेको सशस्त्र प्रहरीले कुनै सहयोग नै गरेन ।

भदौ २३ र २४ गते दुवै दिन सशस्त्र प्रहरी बलद्वारा अपेक्षित सहयोग प्राप्त भएको थिएन ।

**नगर प्रहरी कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक मञ्जिल मुकारुङ** :

मेरो कार्यालयबाट थप मद्दतको रूपमा प्रहरी निरीक्षकको कमान्डमा माइतीघर मण्डलामा Oscar 2, Oskar 4 र बानेश्वर चोकका लागि Oscar 5 को टोली अह्वनखटन भएको थियो । भिड अत्यधिक आक्रामक भएका कारण संसद् भवन परिसरमा प्रवेश रोक्न कठिन भएको थियो । प्रदर्शनको क्रममा केही प्रहरी कर्मचारी घाइते भएका थिए; म स्वयम् पनि घाइते भएँ । मैले प्रत्यक्ष रूपमा एकजना प्रदर्शनकारीलाई गोली लागेको अवस्थामा देखेको थिएँ, तर अन्तिम बल (गोली प्रहार) कहाँ र कसले गऱ्यो भन्ने यकिन जानकारी मलाई थिएन ।

भदौ २४ गते उक्त आन्दोलनमा व्यापक घुसपैठ भएको थियो । मोटरसाइकलमा आएका TOB समूह, लागूऔषध तथा मादक पदार्थ सेवन गरेका व्यक्तिहरूको संलग्नताले प्रदर्शनलाई हिंसात्मक बनाएको थियो । सुरक्षाकर्मीहरूबिच समन्वयको स्पष्टता कमजोर भएको अनुभव भयो । घटनाको निष्पक्ष छानबिन भई सत्यतथ्य सार्वजनिक हुनुपर्छ भन्ने मेरो धारणा छ ।

**प्रहरी वृत्त महाराजगञ्जका निमित्त प्रमुख प्रहरी निरीक्षक सुदर्शन पन्थी**

भदौ २३ गते म राष्ट्रपतिज्यूको सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुरद्वारा १५०० मिर्गौला प्रत्यारोपण आयोजित कार्यक्रममा भ्रमण मार्ग सुरक्षार्थ खटिएको थिएँ ।

भदौ २४ गते देउवा निवासतर्फ थप मद्दतको लागि खटिएको थिएँ । त्यहाँ करिब ३-४ हजारको भिड रहेको र भिडको सङ्ख्यात्मक र मानसिक अवस्था (मादक पदार्थ सेवन, उत्तेजना, घरेलु हतियार) अत्यन्त जोखिमपूर्ण देखियो । भिडलाई नियन्त्रण गर्न स्थानीय कमान्डरहरूले Victor Control मार्फत बारम्बार थप मद्दत मागेको तर मद्दत ढिलो आयो । उता महाराजगञ्ज वृत्तमा स्थिति झन् विकराल भइसकेको रहेछ उत्तेजित भिडले कार्यालयमा तोडफोड, आगजनी गर्दै प्रहरी कर्मचारी मिलन राई र उत्तम थापालाई निर्ममतापूर्वक कुटपिट गरी हत्या गरिसकेको जानकारी पाएँ ।

सहयात्री कर्मचारीहरूको हत्या, छतमा अड्किएको प्रहरीहरूको बिलौना, आफ्नो मृत्युवरण भएको भनी सामाजिक सञ्जालमा फैलिएको गलत सूचना, परिवारको रोदनले गहिरो मानसिक चोट पुऱ्याएको छ ।

**प्रहरी प्रभाग साँखुका कार्यालय प्रमुख प्रहरी निरीक्षक रमेश थापा**

२०८२ भदौ २३ गते जेनजी समूहद्वारा आह्वान गरिएको प्रदर्शनका दिन म आफ्नो प्रभागमै नियमित रूपमा तैनाथ थिएँ ।

भदौ २४ गते बिहान ९ बजेदेखि आन्दोलनकारीहरू अत्यधिक आई पेट्रोल बमसमेत प्रयोग गरी कार्यालयको मेन गेट र पर्खालसमेत भत्काई भित्र आई ३० थान हतियार र गोली २,६८७ राउन्ड लुटियो ।

थुनुवा छोड्ने, बल प्रयोग नगर्ने निर्देशनबारे सामाजिक सञ्जालमा आएको सूचना सञ्चार सेटबाट प्राप्त आदेशसँग मेल खाने देखिन्छ । आन्दोलनमा विभिन्न अपरिचित समूहको संलग्नता देखिएकाले घुसपैठको सम्भावना रहेको ।

**प्रहरी प्रभाग कपनका कार्यालय प्रमुख प्रहरी निरीक्षक योगराज सुवेदी**

भदौ २३ गते आफू कार्यालयमा नै रहेको र सो दिनको अवस्था सामान्य रहेको थियो । भदौ २४ गते दिउँसो १:३० बजेतिर भिड चारैतर्फबाट बढ्दै आएर एकाएक प्रहरीमाथि ढुङ्गामुढा र पेट्रोल बम प्रहार गर्दै कार्यालय परिसरमा आगजनी र तोडफोड हुनथाल्यो । अश्रुग्यासबाहेक अन्य बल प्रयोग नगर्नू भन्ने भिक्टोर कन्ट्रोलबाट निर्देशन आएकोले आफू र सम्पूर्ण कर्मचारीहरूलाई हातहतियारसहित सुरक्षित राख्न कार्यालय छाडेर सुरक्षित स्थानतर्फ गई सकेपछि प्रदर्शनकारीहरूले कार्यालयमा आगजनी र तोडफोड गरेको ।

जेनजी आन्दोलनमा विभिन्न हुलिया र समूहका भिड देखिएकाले केही प्रकारको घुसपैठ भएको थियो । कपन क्षेत्रमा सशस्त्र प्रहरी वा नेपाली सेना तैनाथ नभएकाले तीनबाट कुनै प्रत्यक्ष सहयोग पाइएन ।

***जुत्ता...***

जोडी चीन र भारतका राजा रजौटाहरूलाई पत्र लेखेर बेलायती आक्रमणलाई एसियाबाट धपाउने चिठी लेखे । तर, एक भारतीय राजाले अङ्ग्रेजलाई त्यो पत्र दिएर ठुलो कूटनैतिक अपराध गरे ।

त्यसपछि बेलायतीहरूले नेपालको राजदरबारका भीमसेन थापाका विरोधीहरूलाई हातमा लिएर नेपाललाई पराजित गरे । यसकारण, आफ्नै देशका माथिल्ला वर्गले देशलाई विश्वासघात नगरेसम्म देश हार्दैन भन्ने प्रस्ट छ । अमेरिकाको हिन्द-प्रशान्त रणनीतिलाई लागू गर्ने राजदूत, परराष्ट्रमन्त्रीहरूको पुर्खाको लेखाजोखा गरेमा धेरै सम्भव छ- एमसीसीमा हस्ताक्षर गर्नेहरू देशलाई विश्वासघात गर्ने पहिले अङ्ग्रेजहरूलाई सहयोग गर्ने परिवारकै खलकको भएमा आश्चर्य मान्नुपर्ने छैन । यो छानबिन सायद गुप्तचर विभागले गर्दै होला र गर्नु आवश्यक छ ।

***गर्भवती...***

अध्ययनमा सेवा प्रदायकले सेवा दिने क्रममा सम्मानजनक व्यवहार नगरेको बताउने पीडित ३७.३ प्रतिशत रहेको छ । सेवा प्रदायकले शारीरिक जाँच गर्नुपूर्व सुसूचित सहमति नलिएको बताएका महिलाको सङ्ख्या गर्भवतीमा १५.२ र प्रसवोत्तरमा १३.८ प्रतिशत रहेको छ ।

अध्ययनमा कोसी प्रदेशका ४० वर्षीया एक महिलाले आफूलाई श्रीमान्ले निरन्तर छोरा जन्माउन दबाब दिइरहेको र अपशब्दहरू प्रयोग गरेर चार/चार जना काम नलाग्ने छोरी जन्माइस् भन्दै मानसिक एवं शारीरिक यातना दिने गरेको भनाइ उल्लेख छ । यस्तो अवस्थामा महिलाले भावनात्मक, शारीरिक र यौन हिंसा खेप्नुपरेको छ । यौन हिंसा भोगेका महिलाहरू ४२ प्रतिशत रहेका छन् । १२.२ प्रतिशत शारीरिक हिंसा, भावनात्मक हिंसा ९३.४ प्रतिशत रहेको छ ।

मनोचिकित्सक डा. प्रतिष्ठा घिमिरेका अनुसार गर्भवस्था र सुत्केरी अवस्था निकै संवेदनशील हुने भएकाले यतिबेला उहाँहरूलाई घर परिवारदेखि अस्पतालसम्मै सम्मानजनक व्यवहार गरिनुपर्छ । प्रसूति गृहमा सेवा प्रदान गर्नुभएकी घिमिरे हालै मात्रै पाटन अस्पतालमा कार्यरत हुनुहुन्छ । प्रसूतिमा हुँदा गर्भवती र सुत्केरीको मनोपरामर्शमा केन्द्रित हुँदाको अनुभव सुनाउँदै उहाँ भन्नुहुन्छ, "गर्भवती वा सुत्केरीले आफ्नो घरको गुनासो सुनाउनुहुन्छ तर, यस्तो बेला हामीले उहाँलाई सुनेर सान्त्वना दिन्थ्यौँ ।"

प्रसूति गृहका निर्देशक डा. श्रीप्रसाद अधिकारीले आफू तीन वर्षदेखि प्रसूतिमा निर्देशक भएसँगै अस्पताल परिसरभित्र आएका सबै सेवाग्राहीलाई सम्मानजनक सेवा प्रदान गर्ने विषयमा संवेदनशील हुँदै आएको बताउनुभयो । कर्मचारीहरूलाई दिइने विभिन्न तालिमहरूमा सेवाग्राहीप्रति गरिने सम्मानपूर्वक व्यवहार र नम्र आचरणको विकास गर्न अभिमुखीकरण तालिम दिने गरेको डा. अधिकारीले सुनाउनुभयो । यति हुँदाहुँदै पनि कम जनशक्तिले धेरै सेवाग्राही एकैचोटि हेर्नुपर्दा, भौतिक संरचनाको अभाव र जनचेतनाको कमीले गर्दा सेवाग्राही र सेवाप्रदायकबिच अपमानजनक व्यवहार हुन पुगेको हुनसक्ने उहाँले स्वीकार गर्नुभयो । उहाँले मानवीय स्वभाव सुधार गरेर नैतिकतामाथि जनचेतना दिँदै व्यवहारमा सुधार ल्याउनुपर्ने उहाँको धारणा छ ।

संयुक्त राष्ट्रसङ्घीय महिलाविरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (सिड) समितिको सातौँ आवधिक प्रतिवेदनमा प्रसवको समयमा गर्भवती महिलाको सुरक्षा सुनिश्चित गर्ने कानुनी तथा नीतिगत उपायहरू कार्यान्वयन गर्नु, साथै प्रसूतिसम्बन्धी हिंसा तथा महिला र किशोरीहरूप्रति हुने तथा लैङ्गिक भेदभावको समाधान गर्नु भनी नेपाललाई सुझावसमेत दिएको छ ।

सन् २०२१ मा विराटनगरमा भएको एक अध्ययनले पनि संस्थागत रूपमा गर्भवती महिलामाथि गरिने दुर्व्यवहार र हिंसाबारे सुझाव दिएको थियो । यस अध्ययनले सेवा प्राप्तकर्ताको जानकारीसहितको सहमति प्राप्त नगरी चिकित्सकीय प्रक्रिया वा हस्तक्षेपहरू गरिएको नमुना तथ्य निकालेको थियो । सहमतिबिना प्रदान गरिने सेवा शतप्रतिशत रहेको देखिएको छ । असम्मानजनक सेवा ७२.२ प्रतिशत, गोपनीयता उल्लङ्घन गर्दै दिइएको सेवा ६६.६ प्रतिशत, अपेक्षा वा परित्यागको अनुभव ३५.६ प्रतिशत, शारीरिक दुर्व्यवहार (कुटपिट, चट्काउने, चिमोट्ने तथा रुखो व्यवहार) १२.२३ प्रतिशत रहेको तथ्याङ्कले उल्लेख गरेको छ ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएओ) र अन्य अन्तर्राष्ट्रिय संस्थाहरूले गर्भावस्थामा हुने घरेलु हिंसालाई मानव अधिकारको उल्लङ्घनका रूपमा लिएको छ । डब्लुएओ र अन्य अन्तर्राष्ट्रिय क्लिनिकहरूको दिशानिर्देशहरूमा विश्वभर गर्भवतीमध्ये एकतिहाइभन्दा बढीले घरेलु हिंसाको अनुभव गरेको बताएको छ । त्यस्तै, यो अवस्थामा मातृ मानसिक तनाव, गर्भपतन, कम तौलमा शिशु जन्मिने तथा प्रसूतिपूर्व जाँच ढिलो हुनेजस्ता समस्याहरू देखापर्ने गरेको छ ।

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को ६ को दफा २ मा नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेको गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाले सम्मानजनक प्रसूति सेवा प्रदान गर्नुपर्ने भनिएको छ । ऐनको परिच्छेद-७ मा कसुर र सजाय तोकिएको छ । यद्यपि, सम्मानजनक व्यवहार नगरिएको खण्डमा के सजाय हुने र उजुरी कसरी दिने भन्ने कुनै स्पष्ट किटान गरिएको छैन ।

नेपाल बहुसूचक सर्वेक्षण २०२४-२०२५ को प्रतिवेदनमा संस्थागत सुत्केरी गराउने ९०.५ प्रतिशत पुगेको छ । विगतको २०२२ को तुलनामा ८० प्रतिशतबाट वृद्धि भई ९०.५ प्रतिशत पुगेको हो । अधिवक्ता श्रेष्ठका अनुसार नेपाल प्रहरीको गत वर्षको लैङ्गिक हिंसामाथि परेका उजुरीहरूमध्ये १४ वटा उजुरी गर्भवती अवस्थामा परिवार, श्रीमान्, आफन्तजनबाट कुटपिट भएको विवरण पाइएको छ । उहाँले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ स्पष्ट नहुँदा सम्मानजनक सेवाको प्रभावकारी हुन नसकेको बताउनुभयो । प्रसूति सेवालाई मर्यादित, प्रभावकारी र सेवामैत्री बनाउन ऐन संशोधन पहिलो आवश्यकता रहेको उहाँको भनाइ छ ।

मञ्चका कार्यकारी निर्देशक श्रेष्ठले ऐनमा गैरसरकारी र निजी स्वास्थ्य संस्थामा मात्रै सम्मानजनक प्रसूति सेवा दिनुपर्ने अवधारणा नै न्यायोचित नरहेको जनाउनुभयो । सबैभन्दा बढी प्रसूति सेवा लिने संस्थाहरूमा सरकारी स्वास्थ्य संस्थाहरू रहेकाले ऐन संशोधन गरेर सम्मानजनक सेवाप्रदायकको प्राथमिकतामा जोड दिनुपर्ने उहाँले सुनाउनुभयो । उहाँ भन्नुहुन्छ, "अब ऐन नै संशोधन गर्नुपर्छ । सम्मानजनक सेवा भनेको के हो र ? यसलको पाना नगरे कस्तो कसुर सजाय हुने समेत प्रस्ट ऐनमै व्यवस्था गरिनुपर्छ ।"

***रासस***

**हार्दिक समवेदना**



जन्म
२०२३/१२/२१

स्वर्गारोहण
२०८२/११/२९

यस संस्थाका सञ्चालक समितिका सदस्य सपना खायमलीकी ममतामयी माता एवं संस्थाका सदस्यता नं. २९४ का सदस्य **विष्णुकेशरी सुवाल(खायमली)** को असामयिक निधन भएको आज ४५ औँ दिन (लत्या) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौँ ।

**नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह रोड, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा